# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १४४ | काठमाडौं | बिहीबार, ३० भदौ २०७९ | Prabhab National Daily, | Thursday, September 15, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## चिनियाँ नेता ली आज फर्किंदै



■ प्रभाव संवाददाता

- बुधबार राष्ट्रपतिसँग शिष्टाचार भेट
- भक्तपुरको सम्पदा क्षेत्र अवलोकन
- चाडपर्वअघि व्यापारिक नाका खोल्ने प्रतिबद्धता
- पारस्परिक विश्वास अझ सुदृढ भएको दाबी

**काठमाडौं–** चीनको राष्ट्रिय जनकंग्रेस, स्थायी समितिका अध्यक्ष ली चान्सु नेपालको चारदिने भ्रमण सकेर आज फर्कंदै छन् । उनी आज बिहान विशेष विमानमार्फत स्वदेश फर्कने कार्यक्रम छ । भ्रमणका क्रममा उनले लामो समयदेखि बन्द रहेको चिनियाँ नाका आउँदो चाडपर्वअघि नै खोल्ने प्रतिबद्धता जनाएका छन् ।

सभामुख अग्निप्रसाद सापकोटाको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको चारदिने औपचारिक भ्रमणका क्रममा अध्यक्ष ली सोमबार काठमाडौं आइपुगेका हुन् । अध्यक्ष लीले भ्रमणको तेस्रो दिन बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीसँग शिष्टाचार भेटवार्ता गरे । राष्ट्रपतिको कार्यालयमा भएको प्रतिनिधिमण्डलस्तरीय भेटवार्तामा उनीहरूबीच द्विपक्षीय आपसी हितका विविध विषयमा कुराकानी भएको थियो ।

भेटमा राष्ट्रपति भण्डारीले दुई देशबीचको परम्परागत मित्रवत् सम्बन्धका बारेमा चर्चा गर्दै यस्ता उच्चस्तरीय भेटवार्ताले सम्बन्ध थप सुदृढ हुने विश्वास व्यक्त गरेकी थिइन् । सो अवसरमा अध्यक्ष लीले यसअघि सन् २०१९ अक्टोबरमा चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका क्रममा भएका सहमति सम्झौता कार्यान्वयन गर्ने आफ्नो लक्ष्य भएको बताएका थिए । राष्ट्रपति सीको नेपाल भ्रमणले दुई देशबीचको सम्बन्ध थप सुदृढ भएको उनको भनाइ थियो । भेटवार्तामा अध्यक्ष लीले राजनीतिक पारस्परिक विश्वास अझ सुदृढ गर्नु र विविध क्षेत्रका सहकार्यलाई गहन बनाउनु आफ्नो भ्रमणको उद्देश्य रहेको बताएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

यसैगरी बुधबार बिहान अध्यक्ष ली नेतृत्वको प्रतिनिधिमण्डलले भक्तपुर दरबार क्षेत्रमा भूकम्पपछिको पुनर्निर्माण परियोजनाको अवलोकन र निरीक्षण तथा स्थानीय कला संस्कृतिको अवलोकन गरेको थियो । भ्रमणको पहिलो दिन सोमबार सभामुख सापकोटा र अध्यक्ष लीले संसद् भवन नयाँ बानेश्वरमा संसदीय प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ता गरी सहयोगसम्बन्धी छबुँदे सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

प्रधानमन्त्री शेरबहादुर देउवासँग उनले मंगलबार अपराह्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शिष्टाचार भेटवार्ता गरेका थिए । प्रतिनिधिमण्डलस्तरीय भेटवार्तामा उनीहरूबीच द्विपक्षीय व्यापार, लगानी, कनेक्टिभिटी, (**बाँकी पृष्ठ ५ मा**)

### संसद्–न्यायालयबीच मतभेद

# चोलेन्द्रको आरोपमा न्यायाधीशहरूले जवाफ नदिने

■ प्रभाव संवाददाता



**काठमाडौं–** सर्वोच्च अदालतका न्यायाधीशहरू प्रतिनिधिसभाको महाभियोग सिफारिस समितिमा बयानका लागि उपस्थित नहुने भएका छन् । निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले लगाएका आरोपमाथि जवाफ दिनका लागि समितिले बुधबार पत्राचार गरेपछि न्यायाधीहरूले आफूहरू जवाफ दिन समितिमा जान नमिल्ने निर्णय गरेका हुन् ।

बुधबार नै सर्वोच्च अदालतका न्यायाधीशहरूको पूर्णबैठक (फुल कोर्ट)ले महाभियोग सिफारिस समितिले बोलाएको भए पनि सहभागी हुन नसक्ने निर्णय गरेको हो । न्यायाधीशहरूले केही कारण उल्लेख गरेर बैठकमा सहभागी हुन नसक्ने जनाएका छन् । समितिले बिहीबार जवाफका लागि समितिमा आउन पत्राचार गरेको थियो ।

तर, सर्वोच्चको पूर्ण बैठकपछि कामु मुख्य रजिस्ट्रार नारायणप्रसाद पन्थीले महाभियोग सिफारिस समितिलाई न्यायाधीश उपस्थित नहुनेबारे बुधबार नै लिखित पत्र पठाइसकेका छन् । स्वतन्त्र न्यायपालिकासम्बन्धी मूल्य र मान्यता, संवैधानिक प्रावधान, शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा बहालवाला कामु प्रधानन्यायाधीश र अरु न्यायाधीशहरू बैठकमा उपस्थित हुन नसक्ने निर्णय भएको कामु मुख्य रजिस्ट्रार पन्थीले बताएका छन् ।

न्यायाधीशहरू त्यसरी समितिमा उपस्थित हुनु र निजसँग सोधपुछ, सवाल-जवाफ गरिनु स्वतन्त्र न्यायपालिका, शक्ति पृथकीकरणको सिद्धान्त र नेपालको संविधानविपरीत रहेको सर्वोच्च प्रशासनले जनाएको छ । 'महाअभियोग सिफारिस समितिमा उपस्थित हुनु र निजसँग सोधपुछ, सवाल-जवाफ गरिनु स्वतन्त्र न्यायपालिका शक्ति पृथकीकरणको सिद्धान्त र नेपालको संविधानले अंगीकार गरेका मान्यताहरू समेतका कुनै पनि दृष्टिले संविधानसम्मत, उचित र शोभनीय नहुने हुँदा प्राप्त हुन आएको पत्रानुसार कोही पनि न्यायाधीश उपस्थित हुन नमिल्ने,' फुलकोर्टको निर्णयमा भनिएको छ ।

> स्वतन्त्र न्यायपालिकासम्बन्धी मूल्य र मान्यता, संवैधानिक प्रावधान, शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा बहालवाला कामु प्रधानन्यायाधीश र अरू न्यायाधीशहरु बैठकमा उपस्थित हुन नसक्ने 'फुल कोर्ट'को निर्णय ।

समितिले बयानका क्रममा राणाले विभिन्न आरोप लगाएका सर्वोच्चका न्यायाधीशहरूलाई पनि बयानमा बोलाउने निर्णय गरेको थियो । राणाले तत्कालीन प्रधानमन्त्री (**बाँकी पृष्ठ ५ मा**)

### पूर्वन्यायाधीश फोरमको आपत्ति

पूर्वन्यायाधीश फोरमले महाभियोग सिफारिस समितिमा निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाले दिएको बयानप्रति खेद प्रकट गरेको छ । राणाले पूर्वन्यायाधीशहरूलाई 'महामण्डले' भनी टिप्पणी गरेका थिए । पूर्वन्यायाधीश फोरमका अध्यक्ष टोपबहादुर सिंहले राणाले गरेको टिप्पणीले न्यायालयकै अपमान गरेको बताए ।

'पूर्वन्यायाधीशहरूको मर्यादामा भ्रम फैलनेगरी निलम्बित प्रधानन्यायाधीशले दिएको बयानप्रति खेद प्रकट गर्दछौं,' सिंहले भने, 'प्रधानन्यायाधीशसँग पूर्वन्यायाधीशहरूले कुनै माग गरेको वा कुनै सुविधा तथा पद लिएको कुरा पुष्टि गर्न चुनौती दिन्छौं ।'

संसदीय समितिमा बयान दिइरहेको समयमा अरुमाथि यस्तो आरोप लगाउनु गलत भएको उनीहरूको टिप्पणी छ । पूर्वन्यायाधीश फोरमले संसद्को कार्यकाल सकिएपछि पनि महाभियोग समाप्त हुन नहुने माग गरेको छ । बुधबार आयोजित पत्रकार सम्मेलनमा पूर्वन्यायाधीश सिंहले महाभियोग अन्यजस्तो अभियोग नभएकाले यसलाई पुष्टि वा सफाइ नदिएसम्म नसकिने दाबी गरे ।

'संसद् सकिएपछि महाभियोग सकिने कुरा पनि आएको छ । तर, त्यसको अन्तिम निराकरण हुनैपर्छ,' उनले भने, 'नत्र राणामाथिका आरोप कामयै रहन्छन् । जारी कार्यकालले भ्याएन भने निरन्तर नै रहने विश्वभर अभ्यास रहेको छ । अर्को संसद्ले स्वामित्व लिएर राणामाथिको कारबाही अघि बढाउनुपर्ने अध्यक्ष सिंहको भनाइ छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# युरोपलाई श्रम गन्तव्य बनाउन अलमल

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको युरोपमा आवश्यक पहल लिन नसक्दा नेपालीहरूले रोजगारीको अवसर गुमाउनुपरेको छ । वैदेशिक रोजगारीमा पारिश्रमिक तथा सेवासुविधाका हिसाबले आकर्षक तथा सुरक्षित गन्तव्य मानिएको युरोपेली मुलुकहरूमा केही म्यानपावर कम्पनी र व्यक्तिगत तवरबाट जाने गरिए पनि सरकारले आवश्यक कदम नचाल्दा सोचेअनुरूपको श्रम गन्तव्य बन्न सकेको छैन ।

वैदेशिक रोजगारीलाई बाध्यकारी अवस्थाको चित्रण गर्दै आइरहेको सरकारले नयाँ श्रम गन्तव्यको खोजी कार्य भने जारी राखेको छ । तर, आप्रवासी कामदारको माग उच्च रहेको युरोपमा सरकारी अलमलका कारण ठोस उपलब्धि हुने कुनै क्रियाकलाप अगाडि बढेको देखिँदैन । उच्च आयआर्जन गर्न सकिने युरोपेली मुलुकहरूसँग श्रम सम्झौता गरेर नेपाली श्रमिकहरू पठाउने भन्दै विभिन्न समयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिने गरे पनि अहिलेसम्म कुनै प्रगति नभएको मन्त्रालयकै कर्मचारीहरू बताउँछन् ।

मन्त्रालयका एक अधिकारीका अनुसार सरकारले युरोपका उच्च आय हुने पोल्याण्ड, रोमानिया, सेसेल्स, माल्टा, टर्की, पोर्चुगल, डेनमार्कलगायतका मुलुकहरूसँग श्रम सम्झौता गर्ने भनेकै एक दशक भइसक्यो । तर, उपलब्धि शून्य छ । सरकारी अलमल र ढिलासुस्तीले युरोपलाई श्रम गन्तव्यको रूपमा प्रयोग गर्न नसक्दा नेपालीहरू विभिन्न माध्यमबाट युरोप छिर्ने गरेका छन् । राम्रो कमाइको लोभमा असुरक्षित तवरले नेपालीहरू युरोप पुग्ने गरेको मन्त्रालयका अधिकारीहरू नै स्वीकार गर्छन् ।




> सरकारले युरोपका उच्च आय हुने पोल्याण्ड, रोमानिया, सेसेल्स, माल्टा, टर्की, पोर्चुगल, डेनमार्कलगायतका मुलुकहरूसँग श्रम सम्झौता गर्ने भनेकै एक दशक बितिसक्दा उपलब्धि शून्य छ ।

सहजरूपमा युरोप जान नपाएपछि नेपाली युवाहरू अवैध रुट तथा प्रक्रियामार्फत छिर्न बाध्य छन् । भारत हुँदै तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत पनि भिजिट भिसा बनाएर अधिकांश नेपाली युवाहरू युरोप छिर्ने गरेका छन् । यसरी युरोप छिरेकाहरूमध्ये कतिपय राम्रो काम तथा कमाइ गरिरहेका छन् । यसरी युरोप छिर्ने सपना बोकेका ठूलो संख्यामा नेपाली युवाहरू मानव तस्करको पञ्जामासमेत पर्ने गरेका छन् । कतिपयलाई मानव तस्करहरूले बाटैमा अलपत्र पार्ने गरेका घटनाहरू बढ्दै गइरहेका छन् । केहीलाई युरोप पुर्‍याएर पनि तस्करहरूले दुःख दिने गरेका छन् ।

खासगरी युरोपका औद्योगिक क्षेत्र, पानीजहाज, व्यापार, कृषि, मत्स्यापालन, पर्यटन, होटल, रेस्टुरेन्ट, घरेलुलगायत विभिन्न क्षेत्रमा कामदारको माग बढी देखिन्छ । यी क्षेत्रहरूमा विशेषगरी सीपयुक्त जनशक्तिको माग छ । सीपयुक्त कामदारलाई सोहीअनुसारको आकर्षक पारिश्रमिक तथा सेवासुविधासमेत व्यवस्था हुन्छ । तर, नेपालबाट वैदेशिक रोजगारीमा जाने अधिकांश युवाहरू अदक्ष छन् । यसरी युरोप छिर्ने र मनग्य कमाइ हुने लोभमा नेपालीहरूले बिचौलियालाई मोटो रकम बुझाउने गरेका छन् । सरकारले तोकेको शुल्कभन्दा दशौं गुणा बढी पैसा बुझाएर नेपालीहरू युरोप पुग्ने गरेको एक म्यानपावर कम्पनीका सञ्चालकले बताए । उनका अनुसार युरोप जाने युवाले आठ लाखदेखि १२ लाख रूपैयाँसम्म खर्च गर्ने गरेका छन् ।

ठूलै रकम खर्च गरेर नेपालीहरू युरोप जाने गरेको पाइए पनि सरकारसँग अहिलेसम्म के कति नेपाली युवा रोजगारीका लागि युरोप पुगे भन्ने यकिन तथ्यांक छैन । युरोपका विभिन्न मुलुकमा थुप्रै नेपालीहरू रोजगारीको लागि पुगेको जानकारी भए पनि त्यसको यकिन तथ्यांक नभएको वैदेशिक रोजगार विभागका निर्देशक एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले जानकारी दिए । भिजिट भिसा तथा विभिन्न अवैध प्रक्रियामार्फत युरोप छिरेका नेपालीहरू अस्थायी आवासीय अनुमति तथा कार्य अनुमति (वर्क पर्मिट) लिएर बसेका कारण त्यसको यकिन तथ्यांक संकलन गर्न कठिन हुने उनको भनाइ छ ।

पछिल्लो समय युरोपका अधिकांश मुलुकमा दक्ष आप्रवासी कामदारको माग बढेको बताइएको छ । सीप भएका दक्ष कामदारले युरोपमा राम्रै पारिश्रमिक तथा सेवासुविधा लिने गरेको पइएको विभागले जनाएको छ । सरकारले पनि विदेश जाने कामदारलाई सीप सिकेर जान प्रोत्साहन गर्दै आएको छ । अब सरकारले सीपयुक्त जनशक्ति विकास गरी उच्च आयआर्जन हुने देशमा कामदार पठाउने तयारी गर्ने श्रम मन्त्रालयले जनाएको छ । यसका लागि सीपयुक्त जनशक्तिको विकास गर्न सातवटै प्रदेशमा सीप विकास केन्द्र सञ्चालनमा ल्याउने तयारी गरिरहेको मन्त्रालयले उल्लेख गरेको छ ।

# भक्तपुरको सम्पदा अवलोकन गर्दा लीले सम्झिए चिनियाँ संस्कृति

**भक्तपुर–** नेपालको चारदिने औपचारिक भ्रमणमा रहेका चिनियाँ जनकंग्रेस, स्थायी समितिका अध्यक्ष ली चान्सुले बुधबार भक्तपुरको ऐतिहासिक सम्पदाहरूको अवलोकन गरेका छन् ।

बिहान ऐतिहासिक विश्व सम्पदा सूचीमा सूचीकृत भक्तपुर दरबार स्क्वायर पुगेका अध्यक्ष लीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, संघीय सांसद प्रेम सुवाल, बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईं, सृजना गोसाईं, नगरपालिकाका उपप्रमुख रजनी जोशी, भक्तपुरका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालगायत नगर कार्यपालिकाका सदस्यहरूले स्वागत गरेका थिए ।

अध्यक्ष लीसहित उनको नेतृत्वको प्रतिनिधिमण्डलका सदस्यहरूले नगरपालिकाले उनको स्वागतमा दरबार स्क्वायरको डबलीमा प्रदर्शन गरेको ऐतिहासिक भैरव प्याँख नाचको अवलोकन गरेका थिए । अध्यक्ष लीले यो नाचले चिनियाँ संस्कृति सम्झाएको भन्दै चीन र नेपालको संस्कृति मिल्दोजुल्दो रहेको बताएका थिए ।




उनले भक्तपुर दरबार स्क्वायर, ५५ झ्याले दरबार, स्वर्णद्वार, सुन्धाराको अवलोकन गरेका थिए । पच्पन्न झ्याले दरबारको बनावटलाई निकै चासोका साथ अवलोकन गर्दै उनले यहाँका सम्पदाहरूमा भूकम्पले पुर्‍याएको क्षतिबारे पनि जानकारी लिएका थिए ।

अध्यक्ष लीलाई भक्तपुर नगरपालिकाका पर्यटन सूचना केन्द्रका प्रमुख गौतम लासिवाले भक्तपुरको सम्पदाहरूमा भूकम्पले पुर्‍याएको क्षतिबारे जानकारी गराएका थिए । भक्तपुरमा भूकम्पले क्षति पुर्‍याएका ८० प्रतिशत सम्पदाहरूको पुनर्निर्माण सम्पन्न भएको उनले जानकारी गराए ।

अध्यक्ष लीले यहाँको पुनर्निर्माणमा विदेशी दातृ निकायको सहयोगबारे जिज्ञासा राखेका थिए । प्रमुख लासिवाले भक्तपुर नगरभित्रका सम्पदाको पुनर्निर्माणमा कुनै पनि विदेशी दातृ निकायको सहयोग नलिएको र नगरपालिका, नेपाल सरकार एवं स्थानीयवासीको सहयोगमा सम्पदा पुनर्निर्माण गरिएको जानकारी लीलाई गराएको बताए ।

प्रतिनिधिमण्डलका सदस्यहरूले नगरपालिकाले हालै पुनर्निर्माण सम्पन्न गरेको सिलु महादेव (फसीदेग)को अवलोकन गरेपछि पैदल नै पाँचतले मन्दिर पुगेर त्यहाँको अवलोकन गरेका थिए ।

अध्यक्ष लीले पाँचतले मन्दिरमा भूकम्पले क्षति नपुर्‍याउने गरी बलियोसँग कसरी बन्यो होला भन्ने जिज्ञासासमेत राखेको प्रमुख लासिवाले जानकारी दिए ।

पाँचतले मन्दिर र सँगैको भैरव मन्दिरको बनावट, निर्माणमा परम्परागत सामग्रीको प्रयोग तथा यहाँका पुराना वास्तुविद्को योजनाअनुसार निर्माण भएकाले क्षति नपुगेको प्रमुख लासिवाले जानकारी गराएका थिए । *रासस*

# 'नजिकका व्यक्तिबाटै बालबालिकामाथि दुर्व्यवहार हुनसक्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले बालबालिकाविरुद्ध दुर्व्यवहारका घटना हुन नदिन पहिले नै सचेत हुनुपर्ने बताएकी छन् । ५८औं राष्ट्रिय बाल दिवसका अवसरमा बुधबार मन्त्रालयले आयोजना गरेको कार्यक्रममा मन्त्री रेग्मीले उक्त कुरा बताएकी हुन् ।

साथीभाइ, छिमेकीलगायत नजिकैका व्यक्तिबाटै बालबालिकमाथि दुर्व्यवहार हुनसक्ने भन्दै मन्त्री रेग्मीले यसमा पहिले नै सचेत हुनुपर्ने बताइन् । कुनै पनि किसिमका घटना भइहालेमा तुरुन्तै आमा, दिदीबिहिनीलगायत नजिकका व्यक्तिलाई खबर गर्न उनले बालबालिकालाई सल्लाह दिइन् । भविष्य बनाउनुपर्ने समयमा धेरै बालबालिका सुधार गृहमा गइरहेकाले बालबालिकाले आफूले गर्न हुने र नहुने कामका बारेमा पनि सचेत हुनुपर्नेमा उनले जोड दिइन् । 'मोबाइल चलाउँदा राम्रा र नराम्रा कुरा छुट्ट्याएर हेर्न मेरो सुझाव छ, असल शिक्षा पाइने कुरा मात्रै हेर्नुपर्छ,' मन्त्री




रेग्मीले भनिन् । अहिले मोफसलमा कतिपय जिम्मेवार व्यक्तिले नै महिलाको विवाहको उमेर कम गर्ने विषयमा कुरा उठाए पनि आफू त्यसको विपक्षमा रहेको मन्त्री रेग्मीले स्पष्ट पारिन् । 'उमेर २० वर्षबाट कम गर्ने होइन पढाइ सकाएर मात्रै विवाह गर्न अझै बढाउँदा राम्रो हुनसक्छ,' मन्त्री रेग्मीको भनाइ छ ।

मन्त्रालयका सचिव डिल्लीराम शर्माले बालअधिकारको संरक्षण गर्दै उनीहरूको सर्वोत्तम हित गर्नु सबैको कर्तव्य भएको उल्लेख गरे । बालबालिकालाई सक्षम र योग्य नागरिकका रूपमा विकास गर्न सरकारसँग सबै पक्षले साथ, सहयोग र समन्वय गर्नुपर्नेमा उनको जोड छ ।

राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य लिली थापाले धेरै बालिका शिक्षकबाट नै हिंसामा परेका धेरै उजुरी आयोगमा आइरहेको उल्लेख गरिन् । अहिले २० र २१ वर्षका धेरै युवा जानेर वा नजानेर साइबर अपराधमा संलग्न हुँदा त्यसप्रति सचेत हुन उनले बालबालिकालाई अनुरोध गरिन् ।


## श्री रामेछाप जिल्ला अदालतबाट जारी भएको

सोलुखुम्बु जिल्ला सोलु दुधकुण्ड गा.पा.वडा नं.६ बस्ने जित बहादुर भुजेलको छोरा वर्ष २५ को बालकुमार भुजेलको नाउँको २१ दिने म्याद।

उप्रान्त वादी मानबहादुर शाही र तपाई समेत भएको कुटपिट मुद्धा **मिति** २०७९/०२/१० मा दायर भई तपाईको नाउँमा यस अदालतबाट जारी भएको म्याद बेपत्ते तामेल भई आएकोले प्रतिवादीका नाउँको म्याद राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु भन्ने **मिति** २०७९/०५/२८ गतेको आदेशनुसार तपाईको नाउँको यो म्याद सूचना प्रकाशित गरिएको छ ।

यो म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काइस) दिनभित्र प्रमाण सहित प्रतिउत्तर लिई तपाई आफैं वा कानून व्यवसायी वा कानून बमाजिमको वारेस पठाउनु होला । म्याद गुजारी बसेमा मुद्धा कानून बमोजिम हुनेछ । पछि तपाईको उजुरबाजुर लाग्ने छैन । इति संवत् २०७९ साल भदौ २८ गते रोज ३ शुभम्.... ।

## मोटरसाइकल हराएको सूचना

श्री राज लाल मण्डलको नाममा रहेको । निम्न ब्योहोरा रहेको मोटरसाइकल मिति २०७९/०५/२६ गते का.जि. चन्द्रागिरी न.पा. वडा नं. १३ पाकिङ्गबाट बेलुकी २३:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

**प्रकार** – Yamaha FZ 150CC
**बाई नं.** बाग्मती प्रदेश -०२-०३० प ७११७
**चेसिस नं.** ME1RG4458M0084086
**इन्जिन नं.** G3J3E0560557
**रङ्ग** – निलो
**सम्पर्क** – 9813615580


# महानगरको ताकेतापछि उठ्न थाल्यो कर

■ शर्मिला पाठक

**काठमाडौं–** काठमाडौं महानगरपालिकाको पटक-पटकको ताकेतापछि लामो समयदेखि ढुक्कले बसेका करदाताले कर तिर्न थालेका छन् । कामपाले यही भदौ १५ गतेदेखि पटक-पटक कर तिर्न करदातालाई पत्राचार गरेको थियो ।

पत्राचार र कामपाको पटक-पटकको ताकेताका आधारमा अहिलेसम्म ८४ लाख ३४ हजार रूपैयाँ असुल भएको कामपा राजस्व विभागका प्रमुख डा. शिवराज अधिकारीले जानकारी दिए । 'अहिलेसम्म जति पनि असुल भएको छ त्यो सबै मनोरञ्जन कर हो । अन्य कर तिर्नका लागि केहीले विवरण लिएर आएका छन् भने केही सम्पर्कमासमेत आएका छैनन्,' उनले भने ।

**कसले कति तिरे मनोरञ्जन कर**

मनोरञ्जन करबापत काठमाडौं फन पार्कले १७ लाख ३६ हजार, डेन्टिन क्यासिनो होटल मेरियटले २१ लाख ४२ हजार, क्यासिनो प्यालेस अन्नपूर्ण होटलले ११ लाख ८५ हजार, प्राइट इन्टरटेनमेन्ट एण्ड सिक्रिएसन हयात होटलले नौ लाख ८९ हजार, माजोङ इन्टरटेनमेन्ट होटल सोल्टीले नौ लाख ९३ हजार र बेलिज क्यासिनो मल्ल होटलले १३ लाख ८८ हजार रूपैयाँ रकम बुझाएको छ ।

मनोरञ्जन कर तिर्नका लागि अन्य केहीले विवरण बुझाएर आगामी मिति तय गरेका छन् । कामपाका नगरप्रमुख बालेन्द्र शाह निर्वाचित भएर आएसँगै कामपाको विगत २९ वर्षदेखि असुल हुन नसकेको सम्पत्ति कर, बहाल कर र मनोरञ्जन करका ताकेता गरिँदै आएको छ । सो अवधिमा घरजग्गा र सम्पत्ति कर नतिर्नेमा ठूलाठूला व्यवसायी र सार्वजनिक संस्थान बढी छन् । 'उक्त शीर्षकको करस्वरूप कामपाले ५० करोड रूपैयाँ बक्यौता असुल गर्नुपर्नेछ,' अधिकारीले भने, '७० करोड रूपैयाँ असुल गर्नुपर्ने थियो, गत वर्ष २० करोड रूपैयाँ असुल गरियो । अब ५० करोड रूपैयाँ बाँकी छ ।'

गत वर्ष पनि कामपाले बक्यौता रकम असुलको सम्बन्धमा सार्वजनिक सूचना जारी गरी सम्बन्धित संस्थालाई पटक-पटक जानकारी गराएको थियो । उक्त सूचनाका आधारमा केही संस्थाले सम्पर्कमा आएर कर तिरे पनि अझै धेरै करदाता सम्पर्क गर्नसम्म नआएको कामपाले जनाएको छ । बक्यौता असुल गर्नका लागि कामपाले पहिलो चरणमा पत्राचार गरेको छ । पत्रका आधारमा विवरणसहित कर बुझाउन आनाकानी गरे दोस्रो पटक माइकिङ गरेर जानकारी दिने तथा त्यसको पनि बेवास्ता गरे महानगरबाट प्रवाह हुने सेवा रोक्ने र तालाबन्दी गर्ने तयारीमा कामपा छ ।

**सम्पर्कमा आउन थाले सरकारी निकाय**

विगत २९ वर्षदेखिको करस्वरूपको बक्यौता नतिर्नेमा सबैभन्दा बढी सार्वजनिक संस्थान रहे पनि पछिल्लो समय विवरणसहित सम्पर्कमा आउने क्रम बढेको छ । पछिल्लो समय नेपाल विद्युत् प्राधिकरण, वीर अस्पताल र अन्य केही पनि कामपाको सम्पर्कमा आएका छन् । यसरी कर नतिर्नेमा साझा भण्डार, राष्ट्रिय नाचघर, चेम्बर भवन, कर्मचारी सञ्चय कोष, खाद्य संस्थान, कृषि सामग्री कम्पनी, नेपाल सेयर मार्केटलगायत छन् ।

त्यसैगरी ह्वाइट फिल स्कुल, रञ्जना ट्रेड सेन्टर, मनमोहन मेमोरियल कलेज एण्ड शिक्षण अस्पताल, आरबी कम्प्लेक्स, त्रिवेणी कम्प्लेक्स, डेन्टल अस्पताललगायतले हालसम्म आफ्नो विवरणसमेत विभागमा नबुझाएको कामपाले जनाएको छ । समयमै कर नतिरे प्रत्येक वर्ष १० प्रतिशतका दरले जरिवानास्वरूप रकम वृद्धि हुँदै जान्छ । कामपाले अघिल्लो दुई वर्षमा भने कोरोनाका कारण करदाता समस्या परेको भन्दै जरिवाना करमा छुट दिएको थियो । लामो समयदेखि कर तिर्न आलटाल गरिरहेका करदाताबाट विभागले ५० करोड रूपैयाँ असुल गर्ने तयारीस्वरूप अहिले अभियानका रूपमा नै कर संकलन थालेको छ । डा. अधिकारी भन्छन्, 'सम्पर्क नगर्नेको घर, पसल र व्यवसायमा सिलबन्दी गर्ने तथा सरकारी बाँकीसरह राजस्व असुली गर्ने प्रक्रिया अगाडि बढाएका छौं ।' *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WENCO INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२९ | LT. No. 271742 | चलानी नं. ६०१८७६७८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ६ गते (22nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd. Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821



Government of Nepal
Ministry of Home Affairs
**Nepal A.P.F Hospital**
Balambu, Kathmandu, Nepal

**Invitation for Bids**

**IFB No: APFH/SQ/Goods/2079/080/01**
**Date of publication: 2079/05/30**

1. Nepal A.P.F Hospital Balambu, Kathmandu Procurement section invites *sealed* quotation from eligible bidders for the procurement of *below mentioned goods under* National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract No. | Description of Works/Location | Bid Security Amount Nrs. | Bid Document Fee Nrs. |
|---|---|---|---|
| APFH/ SQ /Goods/079/080/01/001 | Supply of Printing Items | 35,000.00 | 1,000.00 |
| APFH/ SQ /Goods/079/080/01/002 | Supply of Furniture Items | 34,000.00 | 1,000.00 |

2. Eligible Bidders may obtain further information from the office of Nepal A.P.F. Hospital, Procurement Section, Balambu, Kathmandu, Tel 01-4315224, email apfhospital.procurement@gmail.com.
3. Bid may be purchased with a non-refundable fee of NRs. 1000 till 2079/06/13 during office hrs and must be submitted to office by hand before 12:00 pm on 2079/06/14.
4. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at **13:00 PM on 2079/06/14** at the respective office **as specified in table.** Bids must be valid for a period of 45 days after bid opening date and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid that is 75 days from the date of bid opening.( i.e. Date 2079-08-27/ 13th Dec. 2022)



Madesh Province Government
Madesh Province
Ministry of Water Supply and Energy Development
**Water Supply and Sanitation Division Office**
Division No. -4 Bara, Kalaiya

**NOTICE OF SEALED QUOTATION**

**First Date of Publication: 2079/05/30**

1. Water Supply and Sanitation Division Office Division No.-4 Bara, Kalaiya invites **sealed quotation bids** from eligible Nepalese bidders for the following goods:

| S. N. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|
| 1. | 01/G/2079-80 | Supply of Tubewell Accessories | 1000.00 | 45 days | 50000.00/75days |
| 2. | 02/G/2079-80 | Supply of Tubewell Accessories | 1000.00 | 45 days | 50000.00/75days |
| 3. | 03/G/2079-80 | Supply of Tubewell Accessories | 1000.00 | 45 days | 50000.00/75days |
| 4. | 04/G/2079-80 | Supply of Tubewell Accessories | 1000.00 | 45 days | 50000.00/75days |
| | Deadline for Bid Submission: | | 2079/6/14 ,12:00 | | |
| | Date, Time and Place of Bid Opening: | | 2079/6/14,14:00 WSSDO-Bara | | |
| | Account Number for Bid Document Purchase: | | 1000100200010000,Ko.Le.Ni.Ka.Bara Office code 3130021012 | | |
| | Account Number for Bid Security Deposit: | | Rastriya Banijaya Bank Bara ,Ko.Le.Ni.Ka.Kalaiya 1260100202030000 | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Water Supply & Sanitation Division Office,Kalaiya, Bara
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### काठमाडौं धाउनुपर्ने बाध्यता कहिलेसम्म ?

भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै सरकारले वैदेशिक रोजगारीमा जानेहरूलाई त्यहीँबाट श्रमसम्बन्धी सबै सेवा दिने भन्दै भैरहवामा वैदेशिक रोजगार व्यवस्थापन शाखा कार्यालय सञ्चालनमा ल्यायो । गत असार १ गते तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले निकै प्रचारप्रसारका साथ उद्घाटन गरेको शाखा कार्यालय सञ्चालनका लागि सरकारले आवश्यक प्रबन्ध गर्न सकेको छैन । जसकारण सेवाग्राही काठमाडौं धाउनुपर्ने बाध्यता कायमै छ ।

भैरहवाबाटै अन्तर्राष्ट्रिय उडान हुने र वैदेशिक रोजगारीमा जानेले श्रम स्वीकृतिलगायतका सेवा लिनसक्ने गरी कार्यालयको स्थापना गरिए पनि अहिले सेवाग्राहीले सेवा लिन पाएका छैनन् । वैदेशिक रोजगारीमा जानेहरूका लागि श्रमसम्बन्धी सबै सेवा उपलब्ध गराउने कार्यालय भैरहवामा स्थापना भएको प्रचार गरिए पनि शाखाले पुनः श्रम स्वीकृतिबाहेक अन्य सेवा प्रदान गर्न नसक्ने कर्मचारीहरू नै बताउँछन् । कतिसम्म भने तत्कालीन मन्त्री श्रेष्ठको हतारोका कारण पूर्वतयारीविना नै शाखा सञ्चालन तथा उद्घाटन गरिएको प्रस्ट छ । जसको मारमा अहिले सेवाग्राहीलाई परेको छ । न कर्मचारी छन्, न दरबन्दी । कार्यालय सञ्चालनका लागि बजेटसमेत छैन ।

उक्त शाखा कार्यालय बुटवलमा रहेको श्रम कार्यालयअन्तर्गतको एक निकाय श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग मातहातको कार्यालय भएको खुलेको छ । जसको कार्यक्षेत्र आन्तरिक श्रम हेर्ने रहेको छ । यस्तो कार्यालयले कसरी वैदेशिक रोजगारसम्बन्धी कार्य सञ्चालन गर्छ प्रश्न उठेको छ ।

श्रम स्वीकृतिलगायतका सबै कार्य भैरहवाबाट गर्ने भनिए पनि स्थापना भएको तीन महिनासम्म पनि श्रम मन्त्रालयले कुनै पहलकदमी नलिनु सरकारको लाचारीपन हो । कार्यालय स्थापना भइसकेपछि आवश्यक बजेट र कर्मचारीको लागि गृहकार्य गरिरहेको मन्त्रालयका उपसचिव एवं सहायक प्रवक्ता थानेश्वर भुसाल दाबी गर्छन् । तर, संस्थागत श्रम स्वीकृति (पूर्व र अन्तिम श्रम स्वीकृति) तथा वैयक्तिक नयाँ श्रम स्वीकृति गर्न वैदेशिक रोजगार विभाग काठमाडौंबाट लिनुपर्ने बाध्यता हटेको छैन ।

शाखा कार्यालयले पुनः श्रम स्वीकृतिबाहेक अन्य श्रम स्वीकृति गर्नका लागि विभागबाट अनुमति लिनुपर्ने हुन्छ । विभागले निश्चित कोटा निर्धारण गरिदिएका कारण थुप्रै सेवाग्राही काठमाडौं नै धाउनुपर्ने स्थिति छ । कार्यालय सञ्चालनमा आएको तीन महिना पुग्न लाग्दा पनि पुनः श्रम स्वीकृतिको काम भए पनि संस्थागत श्रम स्वीकृति र व्यक्तिगत नयाँ श्रम स्वीकृतिको काम सुरु नहुँदा सेवाग्राहीहरू काठमाडौं धाउनुपर्ने बाध्यता कायमै रहेका कारण भैरहवामा शाखा कार्यालय हुनुले कुनै फरक नपार्ने नागरिकको गुनासो छ ।

व्यक्तिगत नयाँ श्रम स्वीकृति सम्बन्धमा २०७५ पुस ९ गतेको नेपाल राजपत्रको भाग ५ मा प्रकाशित सूचनाअनुसार वैदेशिक रोजगार ऐन २०६४ को दफा २१ बमोजिम वैदेशिक रोजगारका लागि व्यक्तिगतरूपमा विदेश जान चाहनेहरूबाट निवेदन लिने र विभागको प्राप्त निर्णय वा अधिकार प्रत्यायोजन भएअनुसार स्वीकृति दिने रहेको छ । वैयक्तिक नयाँ श्रम स्वीकृतिका लागि विभागले फेमिस सिस्टमबाट काम गर्ने हुँदा त्यसको अधिकार प्रत्यायोजन नभएको शाखा कार्यालयका प्रमुख केशव भट्टराई बताउँछन् । विभागले यो सिस्टम नखोलिँदासम्म यो स्वीकृति लिन सेवाग्राही काठमाडौं नै धाउनुपर्ने हुन्छ ।

शाखा कार्यालयबाट अहिलेसम्म संस्थागत श्रम स्वीकृतिअन्तर्गत पूर्वस्वीकृति एक जनाले पनि लिएका छैनन् । त्यस्तै कार्यालयको रेकर्डअनुसार अन्तिम स्वीकृति १२ जनाले लिएका छन् भने ६५१ जनाले पुनः श्रम स्वीकृति लिएको देखिन्छ ।

सरकारले हतारमा शाखा कार्यालय खोल्ने तर सेवा दिन नसक्नु अत्यन्त गैरजिम्मेवारीपन हो । मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थको रूपमा सञ्चालनमा ल्याइएको गौतम बुद्ध विमानस्थलमा हालसम्म जजिरा एयरले मात्रै उडान गरिरहेको छ । वैदेशिक रोजगारीमा जाने त्यस क्षेत्रका श्रमिकलाई सोही विमानस्थलबाट जाने व्यवस्था नमिलाए उडान रोक्ने चेतावनी एयरलाइन्सले दिँदै आएको छ । यसमा गम्भीर नबन्नुले पनि सरकारको गैरजिम्मेवारीपन पुष्टि गर्छ । आखिर, भैरहवाबाट श्रमसम्बन्धी सम्पूर्ण सेवा प्रदान गर्न के ले रोक्यो ? श्रम स्वीकृतिका लागि काठमाडौंमै धाउनुपर्ने बाध्यता कहिलेसम्म ? यी प्रश्नको जवाफ सरकार र विभागीय मन्त्रीले दिनुपर्छ ।



# आसन्न निर्वाचनमा जनताको अपेक्षा

भेषबहादुर कार्की

नेपाली कांग्रेसले गत स्थानीय निर्वाचनमा देशैभर राम्रो मत पाएको छ । २०७४ को स्थानीय तहको निर्वाचनभन्दा कांग्रेसको पक्षमा लहर नै आएको र जित हात पारेको जगजाहेर नै छ । आउँदो मंसिर ४ गते हुने प्रदेश र प्रतिनिधिसभा निर्वाचन पनि नेपाली कांग्रेसको पक्षमा आउने अपेक्षा छ ।

जहाँसम्म मेरो उम्मेदवारीको कुरा छ, मेरो रोजाइ भक्तपुर क्षेत्र नं २ प्रदेशमा हो । यो क्षेत्रमा मैले लामो यात्रा गरेर, धेरै आरोह अवरोह पार गर्दै कांग्रेसलाई शून्य अवस्थाबाट हिरो बनाउन अथक परिश्रम गरेको व्यक्ति हुँ । आउँदो निर्वाचनमा मलाई प्रदेश, क्षेत्र र जिल्लाले पनि उम्मेदवारका लागि नाम सिफारिस गरेर पठाएको छ । मेरो नाममा केन्द्रले टिकट दिने विश्वास छ । पार्टीले पत्यायो भने अघिल्लोपटक यस क्षेत्र, प्रदेश र नगरमा कांग्रेसले जुन हार व्यहोर्नुपरेको थियो, त्यो जितमा बदल्न सकिने पूर्ण विश्वास छ ।

भक्तपुर क्षेत्र नं २ नेपाली कांग्रेसको गढ नै हो । अघिल्लो निर्वाचनमा यस जिल्लाबाट दमन ढुंगानालाई प्रतिनिधिसभाको उम्मेदवार बनाउँदा कांग्रेसले पराजय व्यहोर्नुपर्‍यो । यसपटक यस क्षेत्रको मतदाताहरूसँग घुलमिल भएको, जनताको सुख-दुःखको साथ दिने, जनताले विश्वास गरेको, पञ्चायतको जरैदेखि फाल्न, निरंकुश राजतन्त्र फाल्न र संघीय गणतन्त्र स्थापना गर्न निरन्तर लागिरहेको व्यक्तिलाई उम्मेदवार देख्न यस क्षेत्रका मतदाताहरूको तीव्र चाहना छ । त्यस मानेमा मेरो यस प्रदेशमा परिचय नै जुँगाको रेखी नउम्रँदैदेखि प्रजातन्त्रको आन्दोलनमा लागेको व्यक्तिमा पर्छु । जनतालाई पञ्चायतको निरंकुशतन्त्र, राजाको तानाशाही र कम्युनिस्टको अराजक एवं भ्रष्ट शासनका विरुद्धमा म सानै उमेरबाट क्रियाशील कार्यकर्ता हुँ ।

मेरो जित्ने आधार जनताको पक्षमा निरन्तर लागि रहने एउटा इमान्दार कार्यकर्ताको रूपमा देखिरहनु नै हो । कुनै पनि गठबन्धन आफैंमा गलत हुँदैन । गठबन्धन आउँदो निर्वाचनमा बाधक नभई साधक बन्नुपर्छ । गठबन्धनको नाममा भागबण्डा खोजेर मात्र हैसियत उँचो हुने होइन । ओम्नी काण्ड, सेक्युरिटी प्रेस काण्ड, वाइडबडी काण्ड, यती होल्डिङजस्ता अनेकन काण्ड सिर्जना गरेर, भ्रष्टाचारको संस्कृति सुरुआत गर्न केपी ओलीका अवशेषहरूलाई सदाको लागि पन्छाउन, जहाँ जसको बलियो अवस्था छ, सोही स्थानमा गठबन्धनका सोही पार्टीका जनप्रिय उम्मेदवारलाई उठायौं भने गठबन्धनको उद्देश्यले सार्थकता पाउँछ । भागबण्डा मात्र हेर्दा त फेरि मतदाताले अस्वीकार पनि गर्न सक्छन् । विश्वास गरौं, गठबन्धन कसिलो बनाउन चनाखो हुनुपर्छ ।

गठबन्धनमा अलमल गर्नु हुँदैन । सिट बाँडफाडमा मात्र गठबन्धन अल्झनु हुँदैन । हाम्रो मूल उद्देश्य त माथि भनेजस्तै केपी ओलीका भ्रष्ट प्रवृत्ति, चुच्चे नक्सा, रेल र पानी जहाजको बक्रवामहरूको तुस अन्त्य गर्न पनि गठबन्धनका दलको जहाँ बलिया उपस्थिति रहन्छ, उसैलाई बाँकी गठबन्धनले इमान्दारीपूर्वक सघाउनुपर्छ । हाम्रो प्रमुख उद्देश्य भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्नु हो भन्ने लक्ष्य लिएर सिट बाँडफाडमा लाग्ने हो भने समस्या पर्ने छैन ।

सुशासन स्थापना गर्न, भ्रष्टाचारमुक्त देश बनाउन, सिट बाँडफाड गर्नुभन्दा जहाँ जसको प्रखर उपस्थिति छ, त्यसैलाई सघाएर अगाडि बढ्ने सहृदयता, सदासयता देखाएमा गठबन्धन लामो अवधि जान्छ । होइन भनेपछि निर्वाचनमा पनि गठबन्धन टुट्दैन भन्न सकिन्न । लामो समय जान गाह्रो हुन्छ । उम्मेदवारी टिकट मेरो लागि मात्र हो म मात्र नेपाली कांग्रेस हुँ, मैले फलाना नेतालाई चिनेको छु भन्ने र कांग्रेसलाई जिताउनुभन्दा मैले जित्नुपर्छ भन्ने भावना राख्ने एक-दुई व्यक्तिहरूले हरेक चुनावमा, हरेक क्षेत्रमा सानातिना अन्तर्घात गरिरहेकै छन् । यसपाला एमालेको पेलाइबाट उम्किन अन्तर्घात नहुने प्रस्ट छ । नगन्य र लुकेर अन्तर्घात पनि नहुने प्रस्ट छ । तर, हरियो घाँसमा लुकेका हरियो सर्पहरू घाँसजस्तै हुन्छन् र घाँसमै बिलाउँछन् ।

यसै मेसोमा भन्नुपर्दा शेरबहादुर देउवा अघिल्लो २०७४ को निर्वाचनमा नेपाली कांग्रेसलाई जिताउन नसक्दा केही आलोचित हुनुहुन्थ्यो । उहाँलाई भाग्यले साथ दियो । १६५ क्षेत्रमध्ये जम्मा २३ सिट र ११० समानुपातिकमा ४१ सिट गरी, ६४ सिट प्राप्त नेपाली कांग्रेस कहाँ, दुईतिहाइ मत प्राप्त नेकपा (कम्युनिस्ट) कहाँ ? उहाँकै सवल र सक्षम नेतृत्वबाट नेपाली कांग्रेस सत्तामा पुग्यो । सातवटै प्रदेशमा हारेको कांग्रेस सत्तारुढ भयो । गत स्थानीय निर्वाचनमा प्रथम स्थान लिनपुग्यो ।

यसरी हेर्दा देउवाको नेतृत्व सफल देखिन्छ । उहाँको नेतृत्वमा आउँदो प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा कांग्रेसले आफ्नो स्थान मजबुत र अब्बल बनाउने स्पष्ट छ । त्यसो त प्रजातान्त्रिक पार्टीमा आपसमा प्रतिस्पर्धा हुन्छ । जीवन्त पार्टीमा क्रियाशील नेतृत्वको आपसमा प्रतिस्पर्धा हुन पनि पर्छ । यस्तोमा गुटबन्दी हुन्छ नै । तर, सतहमा देखिएको देउवा र कोइरालाबीच देखिएको आउँदो निर्वाचनमा जाँदा रहँदैन । नेतृत्वले आपसमा बसेर सबै साथीहरूलाई एक बनाउन देउवा र कोइरालाहरू लाग्नु हुनेछ भन्ने विश्वास लिएको छु । संसद्मा जसले बहुमत पुर्‍याउँछ, सत्ता उसैले चलाउने शाश्वत नियम हो । गत निर्वाचनमा एमाले गठबन्धनलाई राम्ररी मिलाउन नसक्दा एमाले क्षतिवच्छेद् भयो । आउँदो निर्वाचनमा कांग्रेस गठबन्धनले विजयी बन्ने निश्चित छ । जनताको मतको कदर गर्न जान्नुपर्छ । जनतालाई उखान-टुक्का र भद्दा मजाक गरेकै भरमा भ्रम फैलाएर मात्र स्थायी सत्ता रहदैन भन्ने बुझ्नुपर्छ ।




गठबन्धनमा अलमल गर्नु हुँदैन । सिट बाँडफाडमा मात्र गठबन्धन अल्झनु हुँदैन । हाम्रो प्रमुख उद्देश्य भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्नु हो भन्ने लक्ष्य लिएर सिट बाँडफाडमा लाग्ने हो भने समस्या पर्ने छैन । सुशासन कायम गर्न, भ्रष्टाचारमुक्त देश बनाउन सिट बाँडफाड गर्नुभन्दा जहाँ जसको प्रखर उपस्थिति छ, त्यसैलाई सघाएर अगाडि बढ्ने सहृदयता, सदासयता देखाएमा गठबन्धन लामो अवधिसम्म जानेछ ।

भक्तपुरमा राजनीतिक आरोह अवरोह फेरिएको छ । भक्तपुरमा एमालेले पहिले हो अहिले बितेको होइन । यस पाला त्यो अवस्था छैन । मेरो क्षेत्र नं. २ मा दुई नगरपालिका पर्छ । दुवै नगरपालिकामा हाम्रो अवस्था ज्यादै मजबुत छ । मध्यपुर नगरपालिकाका मध्य ६ वटा वडामा हामीले जित निकालेका छौं, मेयरसहित । अर्को सूर्यविनायक नगरपालिकाको १० वडामा ५ वडामा हामीले वडाध्यक्षसहित जितेका छौं भने वडा नं १ मा पनि सदस्य जितेका छौं, कम्युनिस्ट (एमाले) को रवैया मतदातालाई अनेक प्रलोभन दिने, जितेपछि इमान्दार नबन्ने, भ्रष्टाचार, अनियमितता र थिचोमिचो गर्ने प्रवृत्तिको कारण दिनप्रतिदिन कांग्रेसको पक्षमा जनमत बढिरहेको छ । यसपटक जनमतको बलबाट खोसेर हामीले फिर्ता ल्याउँदै छौं । हामी भक्तपुरका दुवै क्षेत्र प्रत्यक्ष र चारवटै प्रदेश जित्दै छौं । आउँदो निर्वाचनमा लोकतन्त्रलाई संस्थागत गर्ने, लोकतन्त्रको उपलब्धि जनताको घर दैलोमा पुर्‍याउने र हामी सबैको पहिलो कर्तव्य निर्वाचन सफल बनाउनु हो । २००७ सालदेखि निरंकुशताको विपक्षमा संघर्षशील नेपाली कांग्रेस र यतिबेला भएको गठबन्धनलाई देशैभर विजय गराउनु आवश्यक छ ।

*(कार्की नेपाली कांग्रेस, भक्तपुर क्षेत्र नं.२ का क्षेत्रीय सभापति हुन् ।)*

## मननयोग्य

### चाणक्य नीति

त्यो त ठीक छ, महाराज ! राक्षसको प्रत्येक सास मगध र मगधाधिपतिका लागि पूर्ण समर्पित छ । तर, पानी शिरदेखि माथि चढ्नुभन्दा पहिले नै हजुरले रोग तथा वृद्धत्वको आड लिएर शकटारलाई अपदस्थ (च्युत) गरिदिनोस् र कात्यायनलाई शकटारको पद दिनोस्, म त्यो बूढो ब्राह्मणलाई पत्ता लगाई बन्दी बनाइदिन्छु । (जेलमा हालिदिन्छु) किन कि मुख्य शत्रु पनि त्यही बूढो नै हुनसक्छ ।

परन्तु मित्र! शकटारलाई एक्कासी अपदस्थ गर्न के समय प्रजाहरूमा यसको प्रतिकूल प्रभाव नपरोस् । के हजुरलाई राक्षससँग विश्वास छैन । राजन् ! राक्षस जुन पाइला उठाउँछ, पर्याप्त विचार गरेपछि मात्र उठाउँछ । त्यसो भए ठीक छ, म अहिले नै आदेश दिन्छु ।

यसरी कुरा गरी सकेर राक्षस राजभवनबाट बाहिर आए । महाराज नन्द पनि फर्केर आफ्नो सुत्ने खोपीमा गए । तर, जुन कुरा गोप्य राख्ने उद्देश्यले राक्षस र महानन्द यो एकान्त ठाउँमा आएका थिए । त्यो कुरा झाडीको पछाडि लुकेको बालकले बडो ध्यान लगाएर सुनिरहेका थिए जो विहानको पूजाका लागि फूल टिप्न आएका थिए । एकदम सतर्क भई पाइलाको आवाज ननिकाली बगैंचाबाट निक्ली बालक नजिकैको गल्लीमा अदृश्य भए ।

यता राक्षस द्वारपालको निवासतर्फ लागे र यो पत्ता लगाए कि शकटारको महलमा ड्युटी गर्न कुन द्वारपाल खटिएको थियो र यो काममा सहयोग गर्न पनि त्यही गुप्तचर बेस हुन्छ जो शकटारका महलको बाहिर द्वारपाल भई बस्छ । त्यही गुप्तचरबाट उनलाई थाहा हुन्छ कि शकटारसँग बस्ने द्वारपालको नाम देवीदत्त हो । उनी तुरुन्तै देवीदत्तको निवासतिर लम्किए ।

देवीदत्त डराउँदै भन्छ- 'अन्नदाता ! यो त म जान्दिनँ तिनी की बस्छन् तर नाम चणक हो भन्ने मैले सुनें । ती अग्ला र बूढा थिए, आँखा चम्किला थिए, निधारमा त्रिपुण्ड्र धारण गरेका थिए । तिनी यहाँबाट दक्षिण दिशातर्फ लागेका थिए ।'

**क्रमश :**

## पत्र-मञ्जुषा

### 'भिभिआइपी' सवारी हुँदा जनताले दुःख पाउनैपर्ने हो ?

कुनै पनि देशका राजनीतिज्ञ, अलि ठूला व्यक्तित्व नेपाल आउनेबित्तिकै यहाँ रमिता चल्छ । विदेशी पाहुना सवारी हुने भएपछि जनतालाई दुःख दिने काममात्र गरिन्छ । नेपाल भ्रमणमा रहेका चिनियाँ पाहुनालाई सुरक्षा दिने भन्दै मंगलबार र बुधबार सबै सवारी आगमन रोकिएको थियो । बिहानैदेखि सडक जाम थियो भने दिउँसो सबै सवारीसाधन ठप्प । विदेशी पाहुना नेपाल आएपछि जनतालाई सास्ती दिनु परम्परा नै जस्तो भइसकेको छ । हरेक महिना विभिन्न मुलुकबाट पाहुनाहरू आउँछन्, अनि सवारी आवागमन बन्द गरिरहने ? राष्ट्रपति हिँडे पनि सवारी बन्द, अरु कोही आए पनि ।

अन्य सुरक्षाका नीति नभएझैं गरी गृह मन्त्रालयले सवारीसाधन ठप्प पारिन्छ । जनतालाई दुःख नदिई सुरक्षा व्यवस्था मिलाउन सकिन्न ? एउटा विदेशी आउँदा पूरै बाटो खाली गर्ने पनि सरकार हो ? बाटोमा एम्बुलेन्ससमेत चल्न दिइएन । बिरामीको ज्यान दाउमा राखेर बाटो खाली गर्न लगाउने गृहमन्त्री बालकृष्ण खाणले तत्कालै राजीनामा दिनुपर्छ । जनतालाई दुःख दिने व्यक्ति गृहमन्त्रीको पदमा बस्न मिल्छ ? नैतिकताले पनि राजीनामा दिनुपर्छ । सवारी आवागमनमात्रै नभई बाटोमा पैदल हिँड्नसमेत रोक लगाइयो । विदेशी आउँदा होस् या राष्ट्रपति सवारी हुँदा सास्ती पाउने जनताले नै हुन् ।

सरकारलाई जनताको अलिकति पनि मतलब छैन भन्ने यहीबाट स्पष्ट भइसकेको छ । जनताको राष्ट्रपति भए पनि जनताकै लागि केही काम गरिएन । बरु, एम्बुलेन्स रोकेर जनता मरोस् भन्ने भावना यिनीहरूमा छ । विदेशी सहयोग गर्ने भनेर आउने तर यहाँ आएर तमासा देखाउने । यता, राष्ट्रपति कतै निस्किनुपर्‍यो भने तीन घण्टा अगाडिदेखि गाडी चल्नबाट रोक लगाइन्छ । विदेशी पाहुना र राष्ट्रपतिहरूको आनीबानी देखेर जनताको मनमा निराशा छाएको छ । यिनीहरू किन हिँडेका होलान् भनेर जनताको मनमा प्रश्न उठेको छ । प्रश्न मात्र होइन, जनतामा आक्रोश पैदा भएको छ । कसलाई कतिखेर कहाँ पुग्नुपर्ने हुन्छ तर यस्तो प्रवृत्तिले गर्दा जनता हैरान भइसकेका छन् ।

'भिभिआइपी' पाहुना भन्दै जनतालाई हैरानी दिन त पाइएन होला नि सरकार ! महिनैपिच्छे पाहुना आइरहन्छन् अनि जनताचाहिँ दुःखको भागिदार बनिरहने ? सरकारमा बस्नेहरूको यस्तो प्रवृत्ति देखेर जनता वाक्कदिक्क भइसकेका छन् । सुरक्षाकर्मी खटाएर सवारसाधनमा बाहिर निस्किएकालाई कसले के गर्छ ? अनेकथरी नाटक देखाउने त नेपालमै मात्र होला । विदेशी नेपाल आउँदा जनता खुसी होइनन्, दुःखी भएका छन् ।

पहिले राजा सवारी हुँदा पुरै गाडी खाली गरिन्थ्यो । तर, राजाले सडकको दाँयाबाँया जनतालाई हिँड्न दिन्थ्यो । अहिले राष्ट्रपति सवारी हुँदा दुई घण्टा अघिदेखि बाटो खाली गरिन्छ । बाटोघाटोबाट जनता धपाइन्छ भने यो त राजतन्त्रभन्दा पनि उग्र भएन र ? जनतालाई दुःख दियो भनेर राजतन्त्र हटाइयो । अब यो राष्ट्रपतितन्त्र पनि हटाउने बेला आइसकेको छ । विदेशी पाहुना र राष्ट्रपति हिँड्दा जनतालाई दुःख नदिँदा के बिग्रिन्छ ? झनै लोकप्रिय बन्लान् । आजसम्म राष्ट्रपति भण्डारीले मेरो कारणले कुनै जनताले दुःख त पाएका छैनन् ? भनेर सोचेकी छन् त ? जनताप्रति आफ्नो जिम्मेवारी निर्वाह गरेकी छन् त ? जनताको मन जित्ने सकेमा राष्ट्रपति र विदेशी पाहुना दुवैले साथ पनि पाउँछन् । तर, यहाँ त भित्रिन पाएको छैन, सुरुमै दुःख दिने काम हुन्छ । अघिपछि पनि ट्राफिक व्यवस्थापन अस्तव्यस्त छ । गृहमन्त्री खाणले ट्राफिक व्यवस्थापन गराउन सकेका छैनन् । ट्राफिक जामका कारणले जनताले अरुबेला पनि उत्तिकै दुःख पाइरहेका हुन्छन् । झन् विदेशी पाहुना आउने भएपछि जनताले ट्राफिक जाममै घण्टौं उभिनपर्छ । काममा हिँडेकालाई घण्टौं ट्राफिक जाममा अड्किनुपरेपछि कति तनाव हुन्छ होला ? गाडी नै रोक्नुपर्ने कारणचाहिँ के ? नेपालको सुरक्षा व्यवस्था त्यति फितलो छ, गाडी नै रोक्नुपर्ने ? राजाको पालादेखि चलिआएको चलन अहिलेसम्म पनि हट्न नसक्नु विडम्बनापूर्ण हो । गणतन्त्र, लोकतन्त्र... सबै तन्त्र आए तर जनताले सुःख पाउने दिन आएन । जनताले परिवर्तनको अनुभूति कहिले गर्न पाउने ? यो प्रश्न आफैंमा गम्भीर छ ।

*-अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

**द्रष्टव्य :** यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.


# प्रभाव दैनिक

बिहीबार, ३० भदौ २०७९ (Thursday, September 15, 2022)


रूपशाला

## 'मानिस ठूलो दिलले हुन्छ' को ट्रेलर सार्वजनिक

गीति फिल्म 'मानिस ठूलो दिलले हुन्छ' को ट्रेलर सार्वजनिक भएको छ। ट्रेलरमा जातीय विभेदले समाजलाई कसरी कुरूप बनाएको छ भन्ने देखाउन खोजेको छ। एक जोडी युवायुवतीको प्रेम, रोमान्स र वैदेशिक रोजगारीको कथा समेत ट्रेलरमा देख्न सकिन्छ। सौरपानी मिडिया प्रालिको ब्यानरमा निर्माण भएको फिल्मलाई देवेन्द्र पाण्डेले निर्देशन गरेका हन्। मणि नेपाली पनेरू निर्माता रहेको फिल्ममा अभिनास न्यौपाने र श्रेया कार्कीको मुख्य छ। फिल्ममा मोहन निरौला, उत्तम केसी, सरू सुनुवार, शुभम् आचार्य, सविना न्यौपाने, मणि नेपाली पनेरूको लगायतको समेत अभिनय छ।






## मुदिता थाइल्याण्ड जाँदै

**काठमाडौं (प्रस)–** थाइल्याण्डमा आयोजना हुने अन्तराष्ट्रिय सौन्दर्य प्रतियोगिता 'मिसेस टुरिजम' मा नेपालको प्रतिनिधित्व मुदिता तुलाधरले गर्ने भएकी छन्। 'मिसेस टुरिजम' का लागि नेपाली आधिकारी संस्था ई-प्लानेटले काठमाडौंमा एक कार्यक्रमका बीच तुलाधरलाई 'मिसेन टुरिजम नेपाल २०२२' को ताज पहिर्याउँदै प्रतियोगिताका लागि आधिकारिकता प्रधान गरेको हो।

हुकुम दरबार कमलपोखरीमा आयोजित कार्यक्रममा तुलाधरलाई सन् २०१९ की मिसेस युनिभर्स नेपाल अनिला श्रेष्ठले ताज लगाइदिएकी थिइन्। काठमाडौं निवासी दुई सन्तानकी आमा तुलाधरले आफूलाई जिम्मेवारी थपिएको बताइन्। उनी सेप्टेम्बर २३ मा प्रतियोगिताका लागि नेपालबाट थाइल्याण्ड प्रस्थान गर्ने छिन्।

विदेशी आगन्तुक तथा लगानीकर्तालाई नेपालमा आकर्षित गर्ने र राष्ट्रियताको भावना अभिवृद्धि गर्ने उद्देश्यका साथ 'मिसेस टुरिजम' को फ्रेन्चाई नेपालमा भित्र्याएको आयोजक ई-प्लानेट नेपालका सन्तोष सापकोटाले बताए। ग्रिन आर्टस मिडियाले म्यानेजमेन्ट गरेको प्रतियोगितामा नेपा डान्स एकडेमीको सहयोग रहेको थियो। क्राउनिङ कार्यक्रममा रोजिन शाक्य (इन्टरनेसनल कोरियोग्राफर), मिसेस रोहिया महरजन (इन्टरनेसन डान्स कोरियाग्राफर), मिसेस परी परिन्दा श्रेष्ठ (मिसेस हेरिटेज नेपाल २०२२), मिस्टर लकोल्फ (सिईओ-ग्रिन आट्स मिडिया प्राली) लगायतको उपस्थिती रहेको थियो।

## गोर्खा वारियरमा क्रिस्टोफर केन्टको आवाज

■ प्रभाव संवाददाता

**काठमाडौं–** सन २०२३ मा विश्वव्यापी रिलिज हुने नेपाली चलचित्र 'गोर्खा वारियर'को यतिबेला लण्डनमा स्वरांकन भईरहेको छ। हलिउडका लोकप्रिय डबिङ कलाकार क्रिस्टोफर केन्टले यो चलचित्र को टिजर र ट्रेलर मा स्वरांकन गरेका छन्। जेम्स बोन्डको फिल्म नो टाइम टु डाई, फ्रोजन २, आर्टिमिस फलसहित हलिउडका चर्चित फिल्म तथा सैयौं टिभिसी, डकुमेन्ट्रीमा आवाज दिइसकेका यी डबिङ आर्टिस्टले बेलायतको लण्डन स्टुडियोमा फिल्म गोर्खा वारियरको स्वरांकन गरेका हुन्।



यसअघि 'गोर्खा वारियर २' नाम राखिए पनि अब यो फिल्मको नाम 'गोर्खा वारियर' हुने छ। यसको दोस्रो संस्करण अर्थात् गोर्खा वारियर २ निर्माण अर्को वर्ष हुने छ। दर्जन सफल चलचित्र दर्शकमाझ ल्याईसकेका निर्देशक मिलन चाम्ले चलचित्र 'गोर्खा वारियर' को निर्माण निर्देशन गरेका हुन्। नेपाल, भारत, मलेशिया लगायतका देशमा छायाँकन भएको यो फिल्मलाई नेपालसँगै विश्वव्यापी रूपमा एकसाथ रिलिज गर्ने निर्देशक मिलन चाम्सले जानकारी गराएका छन्।

गोर्खा सैनिकले विश्व युद्धमा गरेको सँघर्ष र सफलताको कथामा यो चलचित्र निर्माण भईरहेको छ। चलचित्रको मुख्य नायकमो रितेश चाम्स छन्। निकै लामो तयारी पश्चात रितेशले यो चलचित्रबाट नेपाली फिल्म उधोगमा नायकको रूपमा डेब्यु गर्दै छन्।

रितेशसँगै गोर्खा वारियरमा बिजय लामा, रेविका गुरुङ, रियर राई, भुवन सिंह राई, शिशिर बाङ्देल, बुद्धि तामाङ, कविता आले, बिरूप घले, सारा राई, लगायतकाकलाकारको मुख्य भूमिका रहेको छ।

लण्डन सिनेआई प्रोडक्सनको प्रस्तुति र चाम्स इन्टरटेनमेन्टको सहकार्यमा निर्माण भएको यो चलचित्रको निर्मातामा सुस्मिता वाइवा, कार्यकारी निर्मातामा प्रशान्त थापा र सहनिर्माताको रूपमा सुरेश राई छन्।

गोर्खा वारियरमा मिलन चाम्स र गिरिराज घिमिरेको लेखन, अर्जुन बिसीको सम्पादन, सुदीप बरालको डिओपी, हिमाल केसीको द्वन्द्व निर्देशन, शैलेन्द्र खनाल 'शरद'को गीत, एलिस कार्कीको संगीत, राजेशपायल राईको गायन रहेको छ।

## मदन पुरस्कार विजेता लम्साल सम्मानित

■ प्रभाव संवाददाता

**धादिङ–** धादिङमा जन्मेर साहित्य र पत्रकारितामा संलग्न डा नवराज लम्साललाई 'अग्नि' महाकाव्यले मदन पुरस्कार दिलाएपछि धादिङमा सम्मान गरिएको छ। भानु प्रतिष्ठान, पुस्तक तथा स्टेशनरी व्यवसायी सङ्घ धादिङ र नेपाल प्रेस युनियन धादिङको आयोजनामा उहाँलाई नागरिक सम्मान गरिएको हो।

गृहजिल्लाको सम्मान कार्यक्रममा महाकाव्य रचनाकार लम्सालले विपन्न, मजदुर, दलित र पछाडि पारिएको विषयमा वकालत गरेर नेपाली साहित्यमा थोरै कृति मात्र जन्मिएको बताए। उनले मदन पुरस्कार विजेता कृति अग्निले त्यस्ता पछि पारिएको र विभेदमा पारिएको समुदायलाई सम्बोधन गरेको बताए।

लम्साललाई धादिङबेँसी बजारको चोकचोकमा बजारवासीले खादा लगाएर सम्मान गरेका थिए। टोल सुधार समितिका पदाधिकारी, सदरमुकाम आसपासका विद्यालय किबो बोर्डिङ, एडभान्स एकेडेमी, सुनगाभा एकेडेमी, नीलकण्ठ मावि, नीलकण्ठ क्याम्पस, चिल्ड्रेनपार्क मावि, बालमन्दिर मावि, धादिङ बोर्डिङलगायतका विद्यालय र नीलकण्ठ नगरपालिकाको ३ नम्बर वडा कार्यालयले सम्मान गरेको थियो।

लम्सालद्वारा लिखित महाकाव्य अग्निले २०७८ सालको मदन पुरस्कार प्राप्त गरेको थियो। नेपाली साहित्य जगत्मा मदन पुरस्कारलाई उच्च सम्मानका रूपमा लिइन्छ।

## इटलीको चलचित्र महोत्सवमा नेपाली चलचित्र पुरस्कृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली छोटो चलचित्र 'सर्भाइभल-लिभिङ थ्रु कोभिड' ले युरोपेली मुलुक इटलीमा आयोजना गरिएको 'अल्बोरी सोलप्लेस फिल्म फेस्टिभल' महोत्सवमा पुरस्कार हात पार्न सफल भएको छ।

अफजल खानद्वारा निर्देशित तीन मिनेट ५० सेकेन्ड लामो सो चलचित्रले 'उत्कृष्ट छायाँकन' विधामा पुरस्कार पाएको हो। यो चलचित्र ड्रिम भिजन स्टुडियोले निर्माण गरेको हो।

उक्त चलचित्रमा कोभिड महामारीमा नेपाली जनताले भोगेका समस्या, बाँच्नका लागि उनीहरूले गरेको सङ्घर्ष र कोभिडलाई जितेको भोगाइ देखाइएको निर्देशक/निर्माता किशोर श्रेष्ठले बताए।

चलचित्रमा संवादको प्रयोग नगरिएको निर्देशक श्रेष्ठले जानकारी दिए। उनका अनुसार कोभिडजस्तो महामारीबीच मानव जातिले गरेको सङ्घर्ष र जीवन उत्थानशीलता नै यो चलचित्रको मुख्य सन्देश हो। यो चलचित्र यसअघि फ्रान्सको प्रसिद्ध 'कान्स वर्ल्ड फिल्म फेस्टिभल'मा 'उत्कृष्ट कोभिड विषयक चलचित्र' विधामा पुरस्कृत भइसकेको छ।

# रंगशाला

### नवौं राष्ट्रिय खेलकुद

## समूह विजेता बन्दै सेना सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पुलिस क्लबमाथि १३ रनको रोमाञ्चक जित निकाल्दै त्रिभुवन आर्मी क्लब नवौं राष्ट्रिय खेलकुदअन्तर्गत ३४ औं राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगितामा समूह 'ए' को विजेताको रूपमा सेमिफाइनलमा प्रवेश गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्व विद्यालयको मैदानमा बुधबार भएको दोस्रो खेलमा आर्मीले पुलिसमाथि जित निकाल्दै समूह विजेताको रूपमा अन्तिम चारमा स्थान बनाएको हो। आर्मीले पाँच खेलबाट ८ अंक बनाएर समूह विजेता बन्दा ६ अंक जोडेको पुलिस उपविजेता बन्यो। पुलिससँगै कर्णाली प्रदेशको पनि समान ६ अंक भए पनि रन रेटको आधारमा अन्तिम चारमा पुग्नबाट बञ्चित भयो।

आर्मीले दिएको १ सय ७८ रनको लक्ष्य पछ्याएको पुलिसले निर्धारित १९ ओभरमा ८ विकेट गुमाउँदै १ सय ६४ रन बनायो। आक्रामक ब्याटिङ गरेका आरिफ शेख २४ बलमा १ चौका र ३ छक्कासहित सर्वाधिक ४० रनको पारी खेले पनि जितका लागि पर्याप्त भएन। ओपनर कुशल भुर्तेल ९ रन जोड्ने क्रममा रन आउट हुँदा अर्का ओपनर सुनिल धमलाले २७ तथा दिलिप नाथले २३ रनको योगदान गरे। कप्तान दिपेन्द्र सिंह ऐरी २१ रनमा पवेलियन फर्किदा योगेन्द्र सिंह कार्की १४ रनमा रन आउट भए। यस्तै पवन सराफ १३ रनमा सहाब अलामको बलमा सोनु तामाङबाट क्याच आउट हुँदा अन्य ब्याट्सम्यानले दोहोरो अंकको स्कोर छुन सकेनन्। बलिङ तर्फ आर्मीका स्पिनर शाहब आलमले ४ ओभरमा २४ रन खर्चेर २ विकेट निकाल्दा सोमपाल कामीले ४ ओभरमा ४५ रन खर्चेर समान २ विकेट लिए। जितेन्द्र मुखिया र सुशन भारीको नाममा एक/ एक विकेट रह्यो।

त्यस अघि टस जितेर पहिला ब्याटिङ थालेको आर्मीले निर्धारित १९ ओभरमा ५ विकेट गुमाएर १ सय ७७ रन जोडेको थियो। आर्मीका कप्तान विनोद भण्डारीले विष्फोटक ब्याटिङ गर्दै २९ बलमा २ चौका र ७ छक्कासहित ६६ रनमा अविजित रहे। म्यान अफ दि म्याच घोषित भएका भण्डारीले २२ बलमा अर्धशतक पूरा गरेका थिए। यस्तै ओपनर अर्ज'न साउदले ३४ बलमा ७ चौका र २ छक्कासहित ५३ रन बनाउने क्रममा करण केसीबाट रनआउट हुन पुगे। अर्का ओपनर हरि चौहान शून्यमा पवेलियन फर्किदा भिम सार्कीले १५ र रोहित पौडेलले १४ रनको पारी खेल्दै आर्मीको इनिङलाई अगाडि बढाउने प्रयास गरेका थिए। यस्तै राजेश पुलामी १४ रनमा पवेलियन फर्किए। १२ बल खेल्दा पुलामीले २ चौका प्रहार गरेका थिए।



यससँगै नवौं राष्ट्रिय खेलकुद अन्तर्गत पुरुष क्रिकेट प्रतियोगितामा सेमिफाइनल समिकरण पूरा भएको छ। यस अघि मंगलबार समूह 'बी' बाट दुई टोलीको टुङ्गो लागेको थियो। एनआरएनए स्पोट्स एकेडेमी ४ खेलमा १ मा जित र ३ खेलमा अंक बाँड्दै पाँच अंकका साथ शीर्ष स्थानमा रहँदै समूह विजेताको रूपमा सेमिफाइनलमा स्थान बनाउन सफल भयो भने उपविजेताको रूपमा सुदूरपश्चिम प्रदेशले अन्तिम चारमा स्थान बनाएको थियो। सुदूरपश्चिम ४ खेलमा १ मा जित, १ मा हार र २ खेलमा अंक बाँड्दै ४ अंकका साथ सेमिफाइनलमा स्थान बनाएको हो। यता उपाधि दावेदार एपिएफ र बागमती प्रदेशका सबै खेलमा बर्षा बाधक बनेपछि कुनै पनि खेल खेल्न नपाई बाहिरिएका थिए। बागमती प्रदेश र एपिएफ ४-४ अंकका साथ तेस्रो र चौथो स्थानानमा रहँदै बाहिरिए। समान ४/४ अंक भए पनि सुदूरपश्चिमले एक खेलमा निकालेको जितको आधारमा सेमिफाइनलमा पुगेको हो।

बिहीबार पहिलो सेमिफाइनलमा समूह 'ए' को विजेता आर्मी र समूह 'बी' को उपविजेता सुदूरपश्चिमबीच दिनको पहिलो खेल हुनेछ भने दोस्रो सेमिफाइनलमा समूह 'ए' को उपविजेता पुलिस र समूह 'बी' को विजेता एनआरएनएबीच प्रतिस्पर्धा हुनेछ। फाइनल शुक्रबार हुनेछ। बिहीबार तय भएका सेमिफाइनल खेल वर्षाका कारण हुन नसके समूह विजेता टोली फाइनलमा पुग्ने छन्।

अर्को खेलमा कर्णाली प्रदेशले गण्डकी प्रदेशलाई ८ रनले पराजित गर्‍यो। टस हारेर पहिलो ब्याटिंगको निम्तो पाएको कर्णाली प्रदेशले निर्धारित १३ ओभरको खेलमा ७ विकेटको क्षतिमा ९३ रन जोड्यो। ९४ रनको जवाफी चुनौतीका साथ मैदान प्रवेश गरेको गण्डकी प्रदेशले निर्धारित १३ ओभरको खेलमा ९ विकेटको क्षतिमा ८५ रन जोड्न सफल भयो।

## सर्वाधिक राशिको भलिबल हुने

**गोरखा (प्रस)–** अहिलेसम्मकै सर्वाधिक राशिको भलिबल प्रतियोगिता हुने भएको छ। बोर्लाङ खेलकुद विकास समितिको आयोजनामा आगामी असोज १२ देखि १६ गतेसम्म 'बोर्लाङ भीमसेन थापा कप २०७९' पुरुष भलिबल प्रतियोगिता हुन लागेको हो। उक्त प्रतियोगिताको बिजेताले रु एक लाख ३० हजार राशिको पुरस्कार प्राप्त गर्नेछ।

प्रतियोगितामा गण्डकी प्रदेशभित्रका ११ जिल्लाका १२ टिमको सहभागिता रहने जिल्ला खेलकुद विकास समितिका अध्यक्ष निराजन श्रेष्ठले जानकारी दिए। प्रतियोगितामा दोस्रो हुने टिमले रु ७० हजार, रु ३५ हजार र रु १५ हजारसहित मेडल र प्रमाण प्रदान गरिने उनले बताए।

त्यस्तै प्रतियोगिताअन्तर्गत महिलातर्फको खुला भलिबल प्रतियोगितासमेत हुने अध्यक्ष श्रेष्ठले बताउनुभयो। महिला खुला भलिबल प्रतियोगितामा पनि १२ टिमको सहभागिता रहने समितिले जनाएको छ।

महिला खुला भलिबलतर्फ प्रथम हुनेले रु ७० हजार, दोस्रो हुनेले रु ४० हजार र तेस्रो हुनेले रु २० हजार तथा चौथो स्थान प्राप्त गर्नेले रु १० हजारसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ।

यस्तै सोही अवसरमा ३५ वर्षमाथिका भेटेरान्स पुरुष भलिबल प्रतियोगिता पनि हुने समितिका अध्यक्ष श्रेष्ठले जानकारी दिए।

प्रतियोगिता सम्पन्न गर्न रु २१ लाख ३२ हजार खर्च लाग्ने अनुमान गरिएको आयोजकले जनाएको छ।

### साफ यू-१७ च्याम्पियनसिप

## नेपाललाई हराउँदै भारत बन्यो च्याम्पियन



■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतले श्रीलंकामा आयोजना भएको साफ यू-१७ च्याम्पियनसिप फुटबलको उपाधि जितेको छ। कोलम्बोमा बुधबार भएको फाइनलमा १० खेलाडीमा समेटिएको नेपाललाई ४-० गोल अन्तरले हराउँदै भारत च्याम्पियन बनेको हो।

भारतलाई जित दिलाउन बोबी सिंह, भान्लाल्पेका गुइटे, कोरोउ सिंह र अमनले एक एक गोल गरे।

कोलम्बोको रेस कोर्स ग्राउण्डमा खेलको १८ औं मिनेटमा बोबीले गोल गर्दै भारतलाई सुरुआती अग्रता दिलाएका थिए।

३० औं मिनेटमा कोरोउ सिंहले गोल गर्दै भारतलाई २-० को अग्रता दिलाए।

खेलको ३९औं मिनेटमा नेपाल १० खेलाडीमा समेटियो। भारतका डचानीलाई फउल गरेपछि नेपालका कप्तान प्रशान्त लक्समले रातो कार्ड पाए।

खेलको ६३ औं मिनेटमा कप्तान गुइटेले गोल गर्दै भारतलाई ३-० को अग्रता दिलाए।

त्यसपछि खेलको इन्जुरी समयमा अमनले गोल गर्दै भारतलाई ४-० को जित दिलाए।

यस जितसँगै भारतले लगातार दोस्रो पटक उपाधि जितेको छ। यस्तै भारतले नेपालविरुद्ध समूह चरणमा व्यहोरेको हारको बदला लिएको छ। नेपालले समूह चरणमा भारतलाई ३-१ गोल अन्तरले हराएको थियो।

राष्ट्रसंघीय महासचिवले भने-

# साझा चुनौतीको समाधान गर्न ऐक्यबद्धरूपमा लाग्नुपर्छ



**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेर्रेसले विश्वमा देखापरिरहेका विभिन्न साझा समस्या तथा चुनौतीहरूको समाधानका लागि विश्वका देशहरू ऐक्यबद्ध भएर लाग्नुपर्ने बताएका छन् ।

मंगलबार संयुक्त राष्ट्रसंघको ७७औं महासभाको उद्घाटनका क्रममा उनले सो कुरा बताएका हुन् । उनले यस्ता समस्याको समाधानका साथै आगामी दिनमा पनि देखा पर्नसक्ने सबै प्रकारका चुनौतीहरूलाई समाधान गर्नका लागि सबै सदस्य राष्ट्र एक भएर लाग्नुपर्ने बताए ।

'यसअघिको ७६औं महासभाको उद्घाटनका क्रममा पनि हाम्रासामु धेरै प्रकारका चुनौतीको पहिचान भएको थियो, तर ती अहिले पनि हामीसँगै छँदै छन्,' सो सभालाई सम्बोधन गर्दै महासचिव गुटेर्रेसले भने, ' ती समस्यालाई आगामी दिनमा सबैको समान प्रयासबाट समाधान निकाल्न सकिन्छ ।'

शान्ति, मानवअधिकार तथा जलवायु परिवर्तनका समस्या हाम्रा सामु रहेकाले तिनको समाधानका लागि राष्ट्रसंघका सबै सदस्य राष्ट्र लाग्नुपर्नेमा उनले जोड दिए । *रासस/सिन्ह्वा*

# पाकिस्तानमा बाढीबाट थप ५४ को मृत्यु

**इस्लामावाद-** पाकिस्तानका विभिन्न भागमा अविरल वर्षासँगै आएको बाढीमा परी गएको २४ घण्टा यतामात्र ५४ जनाको ज्यान गएको छ । साथै बाढीमा परेर अरु कैयौं व्यक्ति घाइते भएका बताइएको छ ।

बितेका दुई महिनामा यहाँका एक हजार ४८१ को बाढीबाट ज्यान गएको बताइएको छ ।

त्यसैगरी पाकिस्तानको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले यहाँका हजारौं व्यक्ति बाढी र पहिरोमा परेर घाइते भएका जनाएको छ । एनडिएमएले मंगलबार प्रकाशन गरेको एक तथ्यांकमा सो कुराको जानकारी दिइएको हो ।

मंगलबार रातिसम्म बाढीमा परेर ५४ जनाको ज्यान गएको र अरु छ जना घाइते भएका सो संस्थाले जनाएको छ । बाढीबाट सबैभन्दा बढी पाकिस्तानको दक्षिणी प्रान्त सिन्ध प्रभावित भएको छ । सिन्धमा मंगलबार मात्र ४४ जनाको ज्यान गएको हो । तीमध्ये अधिकांश बालबालिका र महिला परेका बताइएको छ । यहाँका तीन करोड ३० लाखभन्दा बढी नागरिक बाढीबाट प्रभावित भएका छन् । हजारौं घर बाढीले बगाएको र लाखौंलाख नागरिक घरबिहनी भएर आश्रय लिइरहेका छन् ।

उत्तरपश्चिमी प्रान्त खैबर पख्तुनख्वा, पञ्जाव प्रान्तमा पनि बाढीले असर गरेको छ । सबैभन्दा बढी सिन्धमा र त्यसपछि बलुचिस्तान, गिलगिट र बाल्टिस्तान क्षेत्र बाढीको चपेटामा परेका छन् । बाढीबाट देशको भौतिक संरचनामा पनि अकल्पनीय क्षति पुगेको यहाँका अधिकारीले जनाएका छन् । बाढीले निम्त्याएको विनाससँगै १२ अर्ब डलरभन्दा बढीको आर्थिक क्षति भएको अनुमान गरिएको छ । *रासस/सिन्ह्वा*

# थाई आर्मी कलेजमा गोली चल्दा दुईको मृत्यु

**बैंकक-** बैंककमा अवस्थित 'रोयल थाई आर्मी वार कलेज'मा बुधबार भएको गोलीकाण्डमा परी दुई जनाको मृत्यु हुनुका साथै अर्का एक जना घाइते भएको थाई सेनाका प्रवक्ताले बताएका छन् ।

सो गोलीकाण्डमा ५९ वर्षीय बन्दुकधारीले स्थानीय समयानुसार बिहान ८:५५ बजे आफ्ना सहकर्मीलाई गोली हानेका थिए ।

घटनापछि उनलाई नियन्त्रणमा लिइएको र गोली चलाउनुको कारण अझै स्पष्ट नभएको सेनाका उपप्रवक्ता सिरिचन नगाथोङले बताएका छन् । *रासस/सिन्ह्वा*

## इनोभेटिभ आई.टि.सोलुसन (प्रा.लि.) को खारेजी (लिक्वीडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०३/२७ मा दर्ता भएको प्रा.लि. नं. २६४४४८/७७/७८ को **इनोभेटिभ आई.टि. सोलुसन प्रा.लि.** लाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०५/२४ गतेको बिशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण धन एबं कोहि कसैको बाँकि बक्यौता लेनदेन आदि भएमा स प्रमाण सहित हकदाबी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बबरमहल काठमाण्डौंमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**शेर बहादुर रोकाया**
लिक्वीडेटरको कार्यालय
बबरमहल, काठमाण्डौं
इजाजत पत्र नं.२८७
फोन नं ९८४१३४०४०३

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONCESSION FIELDS AGRICULTURE COMPANY

पूर्व स्वीकृति मिति २०७९/०२/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२९ LT. No. 263737 चलानी नं. ६०१७९८३८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Labor | 4 | 0 | 1000 | ३४,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ६ गते (22nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBRAHIM AL-ALI AL-SUHAIBANI & HIS PARTNERS FOR TRADING AND CONTRACTING CO. (GULF ROAD)

पूर्व स्वीकृति मिति २०७९/०५/२९ LT. No. 271956 चलानी नं. ६०१८७६६८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Asphalt Worker | 2 | 0 | 1000 | ३३,८२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६०,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ६ गते (22nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. .**
श्रम ईजाजत नं. ११९५/०७३/७४
Kathmandu N.P.-34,New Baneshwor, Kathmandu,BAGMATI
Tel: +01-4796201

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FURDTK FOR VEGETABLES & FRUITS.

पूर्व स्वीकृति मिति : २०७९/०१/२६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२९ LT. No.262516 चलानी नं.६०१८७१९२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Drying Labour / Vegetables And Fruit | 1 | 0 | 100 | ४१,७९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaner / Home Tools | 4 | 0 | 100 | ४१,७९० | | | | | | | |
| 3 | Light Driver | 1 | 0 | 120 | ५०,१४५ | | | | | | | |
| 4 | Warehouse Labour | 1 | 0 | 100 | ४१,७९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ६ गते (22nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत न .७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०७९/०१/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२९ LT. No. 262521 चलानी नं. ६०१७८९०३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Administrative Officer | 0 | 1 | 1400 | ४९,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 39 | 1 | 1000 | ३५,१४० | | | | | | | |
| 3 | Cleaning Supervisor | 3 | 0 | 1500 | ५२,७०५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 4 | 1400 | ४९,१९५ | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 1 | 1400 | ४९,१९५ | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५२,७०५ | | | | | | | |
| 7 | Operation Manager | 1 | 0 | 1500 | ५२,७०५ | | | | | | | |
| 8 | Packer | 49 | 0 | 1000 | ३५,१४० | | | | | | | |
| 9 | Purchasing Representative | 2 | 0 | 1400 | ४९,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ६ गते (22nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MYNEWS RYOYUPAN SDN BHD

पूर्व स्वीकृति मिति २०७९/03/01 पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२९ LT. No. 264985 चलानी नं. ६०१८१०३४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ६ गते (22nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**
Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VITAL HEALTHCARE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/03/20 पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२९ LT No : 266476 चलानी नं.६०१८२४४०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 60 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ६ गते (22nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० कामदार आफैले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.M. Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३८५/०५९/०६०
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DISTINGUISHED CREATIVITY FOUNDATION FOR SERVING MEALS

पूर्व स्वीकृति मिति : २०७९/०५/२८ LT. No. 271858 चलानी नं. ६०१८७६२४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४१,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

कम्पनी : AL KUWAIT AL MUMAYAZ COMPANY LIMITED IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०५/२८ LT. No. 270159 चलानी नं. ६०१८७६२५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Sweet Maker | 1 | 0 | 2900 | ९९,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ६ गते (22nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Maharagunj, Kathmandu, Nepal Tel: +977-1-4720450, E-mail : alkausar.nepal@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SECRET RECIPE MANUFACTRING SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/२९ LT. No. 271660 चलानी नं. ६०१८७६४६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 180 | 0 | 1500 | ४२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TAN WEE CHOON SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२९ LT. No. 271661 चलानी नं. ६०१८७६४५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WANGSAGA INDURSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२९ LT. No. 271767 चलानी नं. ६०१८७६५८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 40 | 0 | 1500 | ४२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ६ गते (22nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९२,८०० | प्रति तोला – ९२,३०० | प्रति तोला – ११७५ |

## नेप्सेमा उछाल

### ४७ अंकले बढ्यो परिसूचक, एक अर्ब ४५ लाखको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं** – धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार उच्च अंकले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक ४७ दशमलव ४४ अंकले उकालो लागेर एक हजार नौ सय ८१ दशमलव ४८ अंकमा पुगेको छ ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलव १९ अंकले वृद्धि भई तीन सय ८५ दशमलव ३६ मा पुगेको छ । कूल दुई सय २७ कम्पनीको ४६ लाख १८ हजार पाँच सय १६ कित्ता सेयर रु एक अर्ब ४५ करोड ३८ लाख २४ हजार छ सय ५० मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहको सेयर मूल्यमा वृद्धि भएको छ । बैंकिङ २४ दशमलव ४६, व्यापार एक सय सात दशमलव २९, होटल तथा पर्यटन ६६ दशमलव ९७, विकास बैंक एक सय ६० दशमलव ८९, जलविद्युत् ७८ दशमलव ६१, वित्त ९७ दशमलव १३, निर्जीवन बिमा एक सय १६ दशमलव ९६, उत्पादन एक सय ११ दशमलव ७५, अन्य ४० दशमलव पाँच, लघुवित्त एक सय छ दशमलव ३३, सामूहिक लगानी कोष शून्य दशमलव १८ र लगानी एक दशमलव ५६ अंकले वृद्धि भएको छ । बुधबारको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब ४२ अर्ब २१ करोड ९४ लाख ९७ हजार नौ सय ९६ बराबर रहेको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा नबिल बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु छ करोड ५१ लाख ६९ हजार तीन सय २८ बराबरको कारोबार भयो । गुर्खाज फाइनान्स रु चार करोड ५७ लाख सात हजार सात सय २२, हिमालयन एभरेष्ट इन्सुरेन्स रु चार करोड ३४ लाख ४७ हजार, अपी पावर कम्पनी रु चार करोड २९ लाख ६८ हजार छ सय र हिमालयन डिस्टिलरीको रु तीन करोड ९२ लाख ३७ हजार आठ सय १७ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार, ग्रिन डेभलपमेन्ट बैंकको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । लिबर्टी इनर्जी आठ दशमलव ३२, युनाइटेड मोदी हाइड्रो पावर कम्पनी सात दशमलव ८१, सामुदायिक लघुवित्त सात दशमलव ८०, गुर्खाज फाइनान्स कम्पनीका लगानीकर्ताले सात दशमलव ७२ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, एनआइसी एसिया क्याप फन्ड १०, एनआइबिएल प्रगति फन्ड आठ दशमलव ९५, सनराइज फस्ट म्युचुअल फन्ड सात दशमलव ६७, सानिमा लार्ज क्याप फन्ड तीन दशमलव १९, मैलुङ खोला जलविद्युत् कम्पनीका लगानीकर्ताले दुई दशमलव ६५ प्रतिशतले गुमाएका छन् ।

## ‘अर्थतन्त्र बचाउन वैदेशिक लगानी र रेमिटयान्सको ठूलो महत्त्व’

■ प्रभाव संवाददाता

**काठमाडौं**– अर्थमन्त्री जनार्दन शर्माले विदेशी मुद्रा सञ्चिति घटेको अहिलेको समयमा मुलुकको अर्थतन्त्र बचाउन प्रत्यक्ष वैदेशिक लगानी र रेमिटयान्सको अत्यन्तै ठूलो महत्त्व रहेको बताएका छन् । अर्थमन्त्री शर्माले दक्षिण कोरियाको राजधानी सिओलमा अन्तर्क्रिया कार्यक्रममा कोरियामा रहेका गैर आवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न र वैदेशिक लगानी भित्र्याउन सहजीकरण गर्न आग्रह गरेका हुन् ।

नेपालमा लगानी गर्न दक्षिण कोरिया सरकार, निजी क्षेत्र र त्यहाँ रहेका नेपालीहरूलाई आग्रह गर्दै ग्लोबल आइएमई बैंक लिमिटेड र ग्लोबल मनि एक्सप्रेसले दक्षिण कोरियाको राजधानी सिओलमा आयोजना अन्तर्क्रिया कार्यक्रममा ग्लोबल आइएमई बैंकले दक्षिण कोरियाको राजधानी सिओलमा शाखा सञ्चालन गर्न प्रकृया अगाडि बढाएको बताउँदै नेपाली बैंकमा विदेशी मुद्रामा खाता सञ्चालन नेपालीहरूलाई आग्रह समेत गरिएको थियो ।

उक्त अवसरमा मन्त्री शर्माले भने, ‘मुलुकमा अहिले विदेशी मुद्राको सञ्चिति घटेको छ । बैंक तथा वित्तीय क्षेत्रमा लगानी योग्य पुँजीको अभाव रहेको छ । अहिलेको यस विषम परिस्थितिमा नेपालमा विदेशी लगानी भित्र्याउन र नेपाली बैंकमा विदेशी मुद्रामा खाता खोली औपचारिक बैंकिंग प्रणालीबाट रेमिटयान्स भित्र्याउन तपाईहरूले सहजीकरण गर्नुपर्‍यो ।’

कोरियामा ग्लोबल आइएमई बैंकले शाखा स्थापनाको प्रकृया अगाडि बढाएकोमा खुशी व्यक्त गर्दै अर्थमन्त्री शर्माले विदेशी मुद्राको सञ्चिति घटेको अहिलेको परिवेशमा विश्वका विभिन्न मुलुकहरूमा रहेका नेपालीहरूलाई नेपाली बैंकमा विदेशी मुद्रा खाता सञ्चालनकालागि प्रोत्साहन गर्दै कार्यक्रम गर्ने र विदेशमा नेपाली बैंकको आफ्नै शाखा खोल्न प्रकृया सुरु गरेकोमा ग्लोबल आइएमई बैंकलाई धन्यवाद दिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले गैर आवासीय नेपालीहरूलाई ढुक्क भएर नेपालमा लगानी गर्न र नेपाली बैंकमा विदेशी मुद्रामा खाता सञ्चालन गर्न आग्रह गरेका छन् ।

‘म यहाँका गैर आवासीय नेपालीसाथीहरू तथा गैर आवासीय नेपाली संघलाई पनि अनुरोध गर्न चाहन्छु, आउनुहोस्, तपाई हामी हातेमालो गरेर अगाडि बढौं । तपाई हाम्रो सहकार्य र हातेमालोबाट नै मुलुकको सम्मृद्धि सम्भव छ । नेपालमा प्रविधि र लगानी भित्र्याउन तपाइहरूले सहयोग गर्नुहोस् । नेपालभित्र लगानीमैत्री वातावरण बनाउँदै तपाईहरूको लगानीको सुरक्षा गर्न हामी तयार छौं,’ उनले भने ।

‘म निजी क्षेत्रको छाता संगठनको वरिष्ठ उपाध्यक्ष, नेपालको सबैभन्दा ठूलो बैंकको अध्यक्ष तथा नेपालको एउटा व्यवसायिक समूह, आइएमई समूहको अध्यक्षको हैसियतले यहाँहरूलाई निर्धक्कसँग नेपालमा लगानी भित्र्याउन र भित्र्याउने वातावरण निर्माण



गर्न अनुरोध समेत गर्न चाहन्छु ।’

उनले ग्लोबल आइएमई बैंकले दक्षिण कोरियाको राजधानी सिओलमा आफ्नो शाखा कार्यालय स्थापनाका प्रकृया सुरु गरेको र दक्षिण कोरियाको नियामक निकायबाट शाखा सञ्चालनको लागि स्विकृति पर्खिरहेको बताए । ‘दक्षिण कोरियामा शाखा स्थापना गर्न नेपाल राष्ट्र बैंकबाट प्रारम्भिक शैद्धान्तिक स्विकृति लिइसकेका छौं । स्थानीय कानुनी परामर्शदाताको माध्यमबाट दक्षिण कोरियाको नियामक निकायमा बैंकको शाखा स्थापनाका लागि औपचारिकरूपमा अनुरोध गरेका छौं,’ उनले जानकारी गराए ।

## कर्पोरेट

### नबिलले ल्यायो नेपालकै पहिलो एपमा आधारित ‘नबिल जेन अल्फा’




**काठमाडौं (प्रस)**– नबिल बैंकले राष्ट्रिय बाल दिवसको अवसर पारेर नेपालमै पहिलोपटक एपमा आधारित ‘नबिल जेन अल्फा‘ स्किम बुधबार सार्वजनिक गरेको छ ।

नबिल जेन अल्फाका ब्राण्ड एम्बासेडर समाजसेवी प्रेन्सा रेग्मी, बैंकका अध्यक्ष उपेन्द्र पौडयाल, प्रमुख कार्यकारी अधिकृत (सीईओ) ज्ञानेन्द्र प्रसाद ढुंगानाको साथ अरु विशिष्ठ अतिथिहरूको उपस्थितिमा नबिल जेन अल्फाको सार्वजनिक भएको हो ।

बैंकका अध्यक्ष उपेन्द्र पौडयालले एपले बालबालिकालाई वित्तीय साक्षरता उपलब्ध गराउने बताए । ‘मोबाइलमा गेम मात्र खेलेर बिताउने बालबालिकालाई नयाँ कुरा सिक्नको लागि एपले मद्दत गर्नेछ,’ पौडयालले जानकारी दिए, ‘एप मार्फत् बच्चाहरूले सानो उमेरदेखि पैसाको महत्त्व बुझ्नेछन् ।’

एप सार्वजनिक कार्यक्रममा सीईओ ढुंगानाले बालबालिकालाई वित्तीय साक्षरता सिकाउने उद्देश्यले जेन अल्फा बचत खाता बाल दिवसको अवसरमा सार्वजनिक गरिएको बताए । ‘घरमा रहेको खुत्रुकेमा बालबालिकाले राखेको पैसा जेन अल्फा मार्फत् डिजिटल खुत्रुकेमा राख्न सक्छन्,’ ढुंगानाले बताए, ‘बालबालिकाले यस एप मार्फत् खेल्दै पैसा बचत गर्न सिक्ने छन् ।’

‘नबिल जेन अल्फा’ १८ वर्षभन्दा मुनिका बालबालिकाहरू र अभिभावकहरूलाई लक्षित गरि ल्याइएको नेपालकै पहिलो डिजिटल एपमा आधारित खाता हो । अभिभावकहरूले यस एपमार्फत् आफ्ना बालबालिकाहरूका लागि दैनिक कार्यहरू सिर्जना गर्न, सेट गर्न र तोक्न सक्छन् । बालबालिकाहरूले पनि दिइएको कार्य सम्पादन पछि अंक कमाउन सक्छन् र त्यहि अंक लिंक गरिएको खातामा पैसाका रूपमा बचत हुने प्रावधान रहेको छ । यो स्किम मार्फत् बालबालिकाहरूलाई जीवन सीप र बचतको महत्त्व सिकाउने तथा अभिभावकहरूको दैनिकीमा सहजता ल्याउने लक्ष्य बैंकले लिएको छ ।

कार्यक्रममा बैंकका बरिष्ठ डेपुटी सीईओ सुजित कुमार शाक्यले जेन अल्फा नबिलले परिकल्पना गरेको नयाँ पुस्तालाई सम्बृद्ध बनाउने बचत खाता भएको बताए । ‘ बच्चाहरूको मोबाइल समयलाई सकारात्मक र केही सिक्नको लागि एपले सहयोगी भूमिका खेल्नेछ,’ शाक्यले थपे ।

### सेञ्चुरी बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच सम्झौता

**काठमाडौं (प्रस)**– सेञ्चुरी कमर्सियल बैंक लिमिटेड र निक्षेप तथा कर्जा सुरक्षण कोष बीच कृषि कर्जा कार्यक्रम अन्तर्गत लगानी गरेका कृषि कर्जाहरूको सुरक्षणसम्बन्धी सम्झौता भएको छ ।

सम्झौता अनुसार बैंकले कृषि कर्जा कार्यक्रम अन्तर्गत लगानी गरेका रु. ३ करोड सम्मको कृषि कर्जाहरूको सुरक्षण, कोषको कर्जा सुरक्षण नियमावली, २०७५ अन्तर्गत हुनेछ । यस सम्झौता पश्चात कृषि कर्जा प्रवाहको जोखिम थप न्युनिकरण भई कर्जा प्रवाहमा वृद्धि हुने बैकले अपेक्षा गरेको छ ।

उक्त सम्झौतापत्रमा निक्षेप तथा कर्जा सुरक्षण कोषको तर्फवाट नायव प्रमुख कार्यकारी अधिकृत उषा पौडेल र बैंकको तर्फबाट उप-महाप्रवन्धक अनुपमा श्रेष्ठ मानन्धरले हस्ताक्षर गरेका छन् ।

उक्त कार्यक्रममा कोषको प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे, विष्णुमणी अधिकारी,





सेञ्चुरी कमर्सियल बैंकका कृषि तथा विपन्न कर्जा विभाग प्रमुख प्रविन कुमार दाहाल तथा बजारिकरण विभागका गणेश सुवेदीको उपस्थित रहेको थियो ।

सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले १४७ शाखा, १० एक्सटेन्सन काउण्टर, २४ शाखारहित बैंकिंग र ११५ वटा एटिएम मार्फत वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

### आइएमई र एनसेलबीच सम्झौता

**काठमाडौं (प्रस)**– एनसेल र आइएमई पेबीच निःशुल्क डाटा सेवा सम्बन्धि सम्झौता भएको छ । सम्झौता अनुसार आइएमई पे एप प्रयोगकर्ताहरूले अब एनसेलको डाटाबाट जुनसुकै बेला र जहाँसुकै निःशुल्क एप प्रयोग गर्न सक्नेछन् ।

आइएमई पेले आफ्ना ग्राहकलाई डिजिटल भुक्तानीमा अभ्यस्त गराउने उद्देश्यले यो




आकर्षक योजना ल्याएको हो । आइएमई पे र एनसेलले यस योजनाका लागि सहकार्य गर्नुको मुख्य कारण डिजिटल नेपालको परिकल्पनातर्फ अघि बढ्ने आफ्नो समान संकल्प रहेको बताए । कुनै पनि डिजिटल वालेट सेवा प्रदायकले मोबाइल सेवा प्रदायकसँग मिलेर आफ्ना ग्राहकहरूलाई यस्तो सेवा विस्तार गरेको यो पहिलो पटक हो । यस सहकार्यले प्रयोगकर्ताहरूलाई प्रोत्साहन गर्ने र नेपाली ग्राहकहरूलाई परम्परागत वित्तीय विधिबाट आधुनिक डिजिटल वित्तीय विधिहरूमा परिचालन गर्ने विश्वास लिइएको छ ।

## मर्मतपछि उडयो वाइडबडी

**काठमाडौं (प्रस)**– प्राविधिक समस्या देखिएको राष्ट्रिय ध्वजा बाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइडबडी जहाज प्राविधिक मर्मतपछि जापानको नारिता उडेको छ ।

मंगलबार राति जापानको नारिताका लागि उडेको उक्त जहाजको कार्गो सामान राख्ने ठाउँमा धुँवा आएपछि जहाज उडेको केहीसमयमै काठमाडौंस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल फर्किएको थियो । एक सय ८४ यात्रु बोकेर नारिता उडेको जहाँजमा प्राविधिक समस्या देखिनासाथ विमान चालकले जहाजलाई काठमाडौं फर्काउने निर्णय लिएका थिए ।

उक्त जहाज मर्मतपछि बुधबार १० बजे नारिताका लागि उडान भरेको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिइन् । उनले भनिन्, ‘हिजो राति जहाज उडेको केहीसमयपछि प्राविधिक समस्या देखिएकाले जहाज फर्किएको थियो, प्राविधिक मर्मतपछि जहाज उडिसक्यो, कार्गो होल्डमा धुँवा देखिएपछि जहाज काठमाडौं फर्किएको थियो ।’ निगमसँग अन्तराष्ट्रिय उडानका लागि दुई थान वाइडबडी र दुई थान न्यारो बडी जहाज छन् ।

## पहिलोपटक ‘इभी एक्स्पो’ आयोजना गर्दै नाडा




■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)**– नाडा अटोमोबाइल्स एसोसियसन अफ नेपालको आयोजनामा आगामी असोज ६ देखि ९ गतेसम्म ‘नाडा इभी एक्स्पो-२०२२’ हुने भएको छ । नाडाले नेपालमा पहिलोपटक विद्युतीय सवारीसाधन, पार्टपुर्जा, वित्तीय सेवा एवं अन्य सम्बन्धित सरोकारवाला संघ संस्थाहरूको बृहत् प्रदर्शनी आयोजना गर्न लागेको हो ।

काठमाडौंको भृकुटीमण्डपस्थित प्रदर्शनीस्थलमा आयोजना हुने उक्त एक्स्पोमा नेपाल विद्युत् प्राधिकरण सहयोगी संस्थाको रूपमा सहभागी भएको छ । साथै, युएसएड क्लिन एयरले नलेज पार्टनरको रूपमा इभी चौतारी नामक तीनदिने सूचनामूलक गोष्ठी सचालन गर्ने नाडाले जानकारी दिएको छ । एक्स्पोको शीर्ष प्रायोजक सिएट टायर रहेको छ ।

वर्तमान समयमा विद्युतीय सवारीसाधनहरूको महत्त्व दिन प्रतिदिन बढ्दै गएको र यस्ता सवारीसाधनहरूको बढ्दो प्रयोगले आफ्नै मुलुकमा उत्पादित जलविद्युत्को उपभोग बढ्न गई देशलाई आत्मनिर्भर बनाउनसमेत सहयोग पुग्ने विश्वास आयोजकको रहेको छ । वातावरणमैत्री विद्युतीय सवारीसाधनको अपरिहार्यतालाई मनन् गर्दै आयोजना गर्न लागिएको प्रदर्शनीमा ठूला तथा साना गरी ५१ वटा स्टल र ब्लकहरू रहने छन् । एक्स्पोमा सात वटा ब्राण्डका चार पांग्रे, एउटा तीन पांग्रे, १६ वटा ब्राण्डका दुई पांग्रे, तीनवटा ब्राण्डका टायर, दुई वटा ब्राण्डका ब्याट्री, नौ वटा पार्ट-पुर्जा, ग्यारेज उपकरण कम्पनी एवं अटो पत्रिका तथा चार वटा वित्तीय संस्थाहरूको सहभागिता रहेको आयोजकले जानकारी दिएको छ ।

‘नेपाली महान चाडपर्वहरूको पूर्वसन्ध्यामा आयोजना हुन गइरहेको यस एक्स्पोले नेपालमा विद्युतीय सवारीसाधनबारे जनचेतना अभिवृद्धि गर्न एवं सम्बन्धित सम्पूर्ण अटो व्यवसायीहरू प्रवर्द्धनमा प्रत्यक्ष तथा सकारात्मक प्रभाव पार्नेमा विश्वस्त छौं,’ नाडा इभी एक्स्पो समितिका सभापति अनुपकुमार बरालले भने । प्रदर्शनीमा सहभागी हुन खल्ती एपमार्फत टिकट बुकिङ गर्ने व्यवस्था गरिएको छ । उक्त एपमार्फत आगामी असोज ५ गतेसम्म अग्रिम टिकट बुकिङ गर्नेलाई २५ प्रतिशत क्यास ब्याक प्रदान गरिने आयोजकले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ